
# धर्मकीर्ति

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY



पूर्व सम्पादक प्रकाश वज्राचार्य

## प्रकाश वज्राचार्य स्मृति अङ्क

DHARMAKIRTI


योमरी पुन्ही

वर्ष–२३; अङ्क–९

बिक्रम सम्वत् २०६२

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस् ।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू यथाशिघ्र समयमानै हामीलाई लेखी पठाउनु होस् ।

४. हामी तपाईँको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं ।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफैं हुनेछ- सम्पादक मण्डल हुने छैन ।

## ■ विषय-सूचि ■


| क्र.सं. | विषय | लेखक | पेज नम्बर |
|---|---|---|---|
| १. | बुद्ध-वचन | – | १ |
| २. | सम्पादकीय- पञ्चशील-२ | – | २ |
| ३. | विपश्यना साधकहरूलाई | – सत्यनारायण गोयन्का | ३ |
| ४. | विवेक, मोक्षको पहिलो खुड्किलो हो | – नरेन्द्रनाथ भट्टराई | ४ |
| ५. | प्रकाश वज्राचार्यको नाम र कीर्ति मात्र बाँकी छ | – भिक्षु अश्वघोष | ५ |
| ६. | दिवंगत प्रकाश वज्राचार्यको गुणानुस्मरण | – लोचन तारा तुलाधर | ६ |
| ७. | धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी र दिवंगत प्रकाश... | – रीना तुलाधर | ७ |
| ८. | धर्म तथा संघको विशेषता-२ | – डा. गणेश माली | ९ |
| ९. | सुभद्र भन्ते मनको आँखीझ्यालबाट ... | – कोण्डन्य | १२ |
| १०. | धम्मपद-१८४ | – रीना तुलाधर | १४ |
| ११. | योगाभ्यास विधि-१३ | – डा. गोपाल प्रधान | १५ |
| १२. | ममतामयी आमा धम्मवती गुरुमां-२ | – प्रेम लक्ष्मी तुलाधर | १६ |
| १३. | शोक सभा सम्पन्न | – प्रस्तुती रीना तुलाधर | १७ |
| १४. | मनुतयेगु पहः – ७ | – धम्मवती गुरुमां | १८ |
| १५. | बौद्ध योगीया पौ-४ कर्मस्थान-ग्रहण | – ब्र.आ. राजा | १९ |
| १६. | धर्मकीर्ति विहार-गतिविधि | – | २१ |
| १७. | अनित्य यो संसार | – वीरबहादुर उपासक | २२ |
| १८. | कुसंगती फल | – ज्ञानरत्न शाक्य | २२ |
| १९. | धर्म प्रचार-समाचार | – | २३ |
| २०. | बाबा साहेब अम्बेडकरया लुमंति | – बुद्ध शाक्य | २४ |


- धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु । छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागी तःधंगु तिबः ज्वीफु ।
- छि थः ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ ।
- छिं थःगु पसः, उद्योग, व्यापार, कार्यालयया बिया थ्वगु प्रत्येक विज्ञापन पत्रिकायात तःधंगु ग्वाहाली जूवनी ।
- धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्गुली नं ग्वाहाली बीफु ।
- आसे धयादीमते, बिचाः याना दिसँ- 'धर्मकीर्ति' यात बांलाकेत छिं गुकथं ग्वाहाली बिया दीफु ।

Downloaded from http://www.dhamma.digital

*प्रमुख व्यवस्थापक*

विद्यासागर रञ्जित

फोन: ४२५ ८२५५, ४२२ ४९१२

*व्यवस्थापकहरू*

चिनीकाजी महर्जन

फोन: ४२५ ३१८२

ज्ञानेन्द्र महर्जन

फोन: ४२७ ६९०८

*सह-व्यवस्थापक*

ध्रुवरत्न स्थापित

*सम्पादक*

भिक्षुणी वीर्यवती

फोन: ४२५ ९४६६

*प्रधान सम्पादक*

भिक्षु अश्वघोष महास्थविर

फोन: ४२५ ९११०

*प्रकाशक र विशेष सल्लाहकार*

भिक्षुणी धम्मवती

फोन: ४२५ ९४६६

*कार्यालय*

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

धर्मकीर्ति विहार

श्रीघः नघः टोल

e-mail: dharmakirtivihar@mail.com.np

पोष्ट बक्स नं. ४९९२

काठमाडौं

फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५४९

नेपाल सम्वत् ११२६

इस्वी सम्वत् २००५

विक्रम सम्वत् २०६२

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | | वा सो भन्दा बढी |
| वार्षिक | रु. | ७५/- |
| यस अङ्कको | रु. | ७/- |


DHARMAKIRTI

# धर्मकीर्ति

## (बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**NOVEMBER 2005**


| वर्ष- २३ | अङ्क- ९ | योमरी पुन्ही | पुष २०६२ |
|---|---|---|---|





★ बलवान युवक भएर पनि अल्छी भई, उद्योग गर्ने समयमा जसले परिश्रम गर्दैन, त्यस्ताले उच्चआकांक्षाले हीन भएर प्रज्ञा ज्ञान प्राप्त गर्न सक्तैन ।

★★★

★ आफूले गरेको पापले आफैलाई अपवित्र पार्दछ, आफूले गरेको पुण्यले आफैलाई शुद्ध पार्दछ, शुद्धि हुने र अशुद्धि हुने आफ्नै हातबाट हो, कसैले अरु कसैलाई शुद्ध पार्न सक्दैन ।

★★★

★ जसले आफ्नो मिथ्या धारणाको कारण धर्मात्मा निर्दोषीलाई निन्दा गर्दछ, त्यसले आफैलाई नाश गर्दछ । जस्तो बाँसको फलले बाँसैलाई नाश गर्दछ ।

★★★

# पञ्चशील-२

हामीले गत अंकमा बुद्धले प्रतिपादन गर्नु भएको पंचशीलको पहिलो अंग प्राणीहिंसा गर्न नहुने विषयमा पढ्यौं। यसबाट हामीले "धर्मको नाममा प्राणीहिंसा गर्नु नै पाप हो" भन्ने बुद्ध वचनलाई जान्यौं।

अब पंचशीलको दोश्रो अंग **"अदिन्नादाना वेरमणी"** अर्थात् चोरी कार्य नगर्ने बुद्ध शिक्षा विषयमा चर्चा गरौं।

अर्काको अधीनमा रहेका धन सम्पत्ति, चीज वस्तु आदि सम्बन्धित हकदार व्यक्तिको अनुमति विना सुटुक्क, वा जवरजस्ति करकापमा पारी लिने बानीले उनीहरूको चित्तमा आघात पुग्ने कार्य हुन जानेछ। चोरी कार्यमा गनिने यस प्रकारको निन्दनिय कार्यले समाजमा परस्पर अविश्वासको भावना सृजना गरिदिन्छ। विश्वास पात्र बन्न नसक्दा एक आपसमा वैमनष्यता, कलह, झैझगडा र अशान्तपूर्ण वातावरणको बाहुल्यता बढ्दै जाने हुन्छ।

सामाजिक स्थितिहरू अध्ययन गर्दै जाँदा समाजमा चोरी कार्यहरू हुनुमा २ वटा विभिन्न कारणहरू देखिन्छन्। ती यसरी छन्–

१. जति भएपनि नपुग्ने असन्तुष्ट भावना एवं तृष्णा।
२. गरीबीले पिरोलिएको अवस्था।

गौतम बुद्धले भन्नुभएको छ समाजमा आपराधिक कार्यहरू हुनुका विभिन्न कारणहरू मध्ये एक प्रमुख कारण गरीबी पनि हो। बुद्ध शिक्षा अनुसार गरीबी निवारणका लागि धनी व्यक्तिहरूले गरीब निर्धनीहरूलाई सहयोग स्वरूप आफ्नो क्षमतानुसार दान दिने बानी बसाल्नु पर्दछ। किनभने धन कमाउनु भनेको सिर्फ खान लगाउन र धनको मोहमा परी धन थुपार्नको लागि मात्र होइन। कमाइएको धनले संमाजलाई केही उपकारी कार्य पनि गर्न सकेमा मात्र यसले ठोस उपलब्धि दिएको महसूस गर्न सकिनेछ। तर यस प्रकारको उदार हृदय सहितको चित्तले दान दिने कार्यलाई आजभोलीका जन मानसले यथार्थ रुपमा बुझ्न भने सकिरहेको देखिँदैन। हुनत विभिन्न धार्मिक स्थलहरूमा यथाश्रद्धा दान दिने दाताहरूको कमी पनि छैन। आजभोली कतिपय दाताहरूले आफ्ना दिवंगत नाता कुटुम्बहरूको पूण्य स्मृतिमा धर्मदानको रुपमा ज्ञानवर्द्धक पुस्तकहरू छापेर धर्मदान गरिरहेका छन् भने कसैले स्कुलका छात्रछात्राहरूलाई छात्रवृत्ति प्रदान गरिरहेका छन्। यसरी नै कसैले अनाथालय, बाल आश्रम लगायत वृद्धाश्रमहरूमा पनि यथाश्रद्धा दान दिने जस्ता प्रशंसनिय कार्य गरिरहेका पनि छन्। यसरी बुद्ध शिक्षानुसार दान दिने कार्य भनेको करकापमा पारिएको नभई स्वेच्छाको दान हुनु पर्दछ।

कार्ल मार्क्सको सिद्धान्त अनुसार धनी व्यक्तिहरूबाट धन बटुलेर ल्याई गरीव निर्धनहरूलाई वितरण गर्न सक्नु पर्दछ। तर यस सिद्धान्तलाई कतिपय व्यक्तिहरूले मन पराएको देखिँदैन। यस प्रकारको करकापमा पारी लिने कार्यले धेरैजसो मानिसहरूको चित्त दुखाउन सक्छ। त्यसैले यस प्रकारको कार्यले मानिसहरूको हृदय परिवर्तन गराउन गाह्रो पर्नेछ।

बुद्ध शिक्षानुसार अरुको धन लुटेर दान दिने कार्य कदापि गर्न हुन्न। अनुमति विना अर्काको धन लिने कार्यलाई बुद्धले अपराधपूर्ण कार्य भन्नुभएको छ। हाम्रो समाजमा धनी वर्गले गरीव वर्गलाई दान दिई सहयोग गर्ने जस्तो चेतना पनि कम मात्रामा मात्र देखिन्छ। त्यसैले पनि गरीबीले सताइएका व्यक्तिहरू मध्ये कसैले चोरी कार्य गर्न थालेको हो कि ? वा काम गरी खान अल्छी भएर चोर्ने बानी बसालेको ? यसलाई अध्ययन गर्न बाँकी नै छ।

हुनत चोर्ने बानी गरीब व्यक्तिहरूमा मात्र होइन धनी व्यक्तिहरूमा पनि हुँदा रहेछन्। उदाहरणको लागि केही वर्ष पहिलेको घटना हो–

यूरोपको एक मुलुकमा उच्च ओहोदाको पदमा बहाली भई कार्यरत एक नेपाली व्यक्तिले एक पुस्तक पसलमा गई एकसय डलर पर्ने पुस्तक एउटा चोर्न सफल भएछ। पुस्तक चोरेर लिएपनि उसले त्यस पसलमा जडान गरिराखेको विशेष प्रकारको क्यामराको आँखालाई भने छल्न सफल भएनछ। परिणाम स्वरूप क्यामराको पर्दामा कैद हुन पुगेका उक्त चोरलाई पसलेले पकडेर सोधपूछ गर्दा थाहा पाइयो, उहाँ त नेपालको राजदूत पो रहेछ। अनि त यस नरमाइलो सूचना नेपाल सरकारलाई पनि पठाइयो यूरोपबाट। नेपाल सरकारले पनि आफ्नो मानिसलाई फिर्ता बोलाइयो। लोभ चित्तको वसमा गई होश गुमाउन पुगेका राजदूत महोदयले आफ्नो इज्जत त गुमायो गुमायो, आफ्नो मातृभूमी नेपालको इज्जतलाई समेत खेलवाड गर्न पुग्यो। अपशोचको कुरो।

यसरी नै आजभोली पनि विभिन्न धार्मिक क्षेत्रहरूमा (जहाँ नैतिक शिक्षाहरू सिकाइन्छन्) समेत पुगी कतिपय नैतिकता गुमाएका व्यक्तिहरूले धर्मको अर्थलाई नै खेलवाड सम्झी चोरीको अवसर खोजिरहेका हुन्छन्। त्यसैले हामीले समय समयमा सुन्न परिरहेको हुन्छ -

फलाना प्रसिद्ध मन्दिरमा श्रद्धालु व्यक्तिहरूको घुइँचो भएको मौका पारी जुत्ता चोरहरूको पनि घुइँचो लाग्ने गर्छ रे। त्यसैले मन्दिरमा जाँदा जुत्ता हराउने डर हुन्छ रे।

भगवान् बुद्ध समक्ष एकजना व्यक्तिले यसरी प्रश्न राखेको रहेछ–

"भो भगवान्! यस समाजमा सबभन्दा ठूलो आपद के हो ?" बुद्धको उत्तर यसरी थियो– "चोरी हुनु नै ठूलो आपद हो।"

त्यसैले समाजमा सच्चा, सच्चरित्रवान्, नैतिकवान् व्यक्तिहरूको बाहुल्यतालाई कायम गरी स्वस्थ पवित्र समाज निर्माणको लागि बुद्ध शिक्षा पंचशीलको दोश्रो अंग चोरी नगर्नु शिक्षाले ठूलो भूमिका खेलेको देखिन्छ।





Downloaded from http://www.dhamma.digital

# विपश्यना साधकहरूलाई

■ सत्यनारायण गोयन्का

## केही जान्नुपर्ने कुराहरु

श्रमण आनन्द भन्दा अगाडि भिक्षु मेघिय भगवानको उपस्थापक (निजी सहायक) बनिसकेका थिए। एक समय भगवान चालिका पर्वतमा विहार गरिरहनु भएको थियो। त्यस समय भिक्षु मेघिय भगवानको आज्ञा लिएर जन्तु ग्राममा भिक्षाटनको लागि गएका थिए। फर्किंदा किमकाला नदीको किनारमा पर्ने एउटा मनोरम आम्रवनको बाटो भएर फर्के। त्यस आम्रबनको हरियाली, प्रकृतिको मनोरम दृश्यले मेघियलाई मोहित पार्यो। त्यहाँको अत्यन्त रमणीय अत्यन्त मनमोहक अत्यन्त मनोहारी ठाउँमा साधना गर्न उपयुक्त लाग्यो। अत: उनले भगवान बुद्धसंग अनुमति माग्न गए। तर भगवानले मेघियलाई रोक्नु भयो, यो कुरा उसलाई मन परेको थिएन।

हेर्दा जतिसुकै रमणीय भएतापनि सबै स्थान ध्यान गर्नु उपयुक्त हुन्छ नै भन्ने छैन। मेघिय भगवानको अनुमति विना नै अति आतुर भएर त्यस स्थानमा एक्लै ध्यान गर्न गए। त्यहाँ कुनै एउटा रूख मुनि ध्यान गर्न बस्यो तर एकदम आश्चर्य चकित भयो। भगवानको सानिध्यमा ध्यान गर्दा सधैं मन शान्त, स्थिर, सजग, सचेत र विमल विशुद्ध हुन्थ्यो तर त्यहाँ त्यस्तो थिएन। उसको मनमा विभिन्न वितर्क विचार, संकल्प-विकल्प आउन थाल्यो। कहिले प्रबल काम तृष्णाको भाव आउँथ्यो त कहिले द्वेष-दौर्मनस्य, घृणा क्रोधको विचार आउँथ्यो। साँझ फर्के पछि उनले भगवानलाई यी सबै घटना बताए। भगवानले मेघियलाई उपदेश दिनु भयो जुन उपदेश चित्त विमुक्तिमा परिपक्व नभएका साधकहरूका लागि अनुकरणीय छ।

१) कुनै अनुभवी कल्याणमित्रको सानिध्यमा अथवा मार्गदर्शन हुनु पर्छ।

२) शील-पालन गरेको हुनुपर्छ। सानो भन्दा सानो शील भंग भएपनि त्यसको अनर्थ मान्नु पर्छ। शील साधनाको आधारशीला हो। जग हो। शील परिपक्व नभईकन कोही साधक साधनामा परिपक्व हुन सक्दैन।

३) चित्तको मैलो हटाउने विषयबाट विरक्त विकर्षण हुने, दु:खको नितान्त निरोध गर्ने, विकारको पूरा उपशमन गर्ने यस्ता धर्मचर्चा सुन्नुपर्छ। अल्पेच्छ कथा, संतुष्टि कथा, विवेक कथा, नि:सँग कथा, पुरुषार्थ कथा, शील कथा, समाधि कथा, प्रज्ञा कथा र ज्ञान दर्शन अनावरणीय कथा सुन्नुपर्छ। जुन धर्म कथाबाट मार्गदर्शन, प्रेरणा र उत्साह पाइन्छ, जसबाट आशंका-विशंका हट्छ, मन स्थिर हुन्छ, श्रद्धा बढ्छ, र अपबित्रता, पीडा र विकलताहरूबाट मुक्ति पाएर विरज विमल हुन्छ त्यस्तो कथा सुन्नु पर्छ।

४) साधकले दृढ पुरुषार्थ गर्नु पर्छ। पुरुषार्थ अकुशलबाट बचेर कुशल कार्य सम्पन्न गर्नमा हुनुपर्छ। साधना गर्न आफ्नो कल्याणमित्रबाट जुन विधि अथवा मार्गदर्शन पाएको हो त्यसको अभ्यासमा स्थिर हुनुपर्छ। चित्त विशुद्धको अन्तिम लक्ष्य प्राप्त नहोउञ्जेलसम्म आफ्नो स्वेच्छाले धारण गरेको यस अभ्यासलाई संधै आफ्नो साथमा राख्नुपर्छ। दृढ पराक्रममा संलग्न रहनु, स्थित रहनु पर्छ।

५) आफूले सुनेको श्रुत-प्रज्ञा अथवा तर्क-वितर्क द्वारा प्राप्त चिन्तन ज्ञान त्यहींसम्म मात्र सिमित नराखी स्वानुभूतिजन्य भावनामयी प्रज्ञा जगाउनुपर्छ। यस्तो कुशाग्र र तीक्ष्ण प्रज्ञाद्वारा नै स्थूल शरीर स्कन्ध र स्थूल चित्त-स्कन्धलाई टुक्रा-टुक्रा गरेर सूक्ष्म सत्य दर्शन गर्न सकिन्छ। क्षण-क्षण उदय ब्यय हुने सूक्ष्म सत्यको दर्शन हुने प्रज्ञाले यस्तो दीयो जलोस् जुन प्रकाशमा अज्ञानका सारा आवरण हटोस् र दु:ख क्षय रूपी निर्वाणको स्वत: साक्षात्कार होस्।

साधकले आफ्नो कल्याणमित्रको सहयोग स्वीकार गरेर माथि उल्लेखित प्रकारले अभ्यास गरी आफ्नो कल्याण गर्नुपर्छ। भगवान्ले अगाडि भन्नुभयो जब-जब चित्तधारामा राग जाग्छ, तब-तब द्वेष उत्पन्न हुन्छ तब मंगल मैत्रीको, जब-जब विचार वितर्क जाग्छ तब आनापान सति अर्थात् आश्वास-प्रश्वासको प्रति जागरुकताको र जब-जब अहंकार जाग्छ तब-तब अनित्यको भावना गर्नुपर्छ।

### तस्करको जीवनमा परिवर्तन

लियो सन्डे गैसनियर नामक युवक नर्वेका नागरिक हुन्। सन् १९९७ मा डेढ किलो स्मायक सहित उनलाई भारतमा पक्रेको कारण अदालतले १० वर्ष कैद र

दुई लाख रुपैंया जरिवाना गरि तिहाड जेलमा कैद गरिएको थियो ।

कैदी जीवनको शुरुआतमा अन्य कैदीहरू तथा जेलरहरूलाई गाली दिने, मुखमा थुक्ने जस्ता अभद्र व्यवहार गरेर समस्या बढाउने गर्दथे । तर तिहाड जेलमा सञ्चालन गरेको दश दिवसीय शिविर पछि उनको आचरणहरूमा बृहत परिवर्तन भयो । उनले आफ्नो दोषलाई स्वीकार गरे र अदालत समक्ष आफूले दुई किलो स्मायक् ल्याएको सत्य बयान दिए । यस्तो सत्य बयान नदिन उनको वकीलले उनलाई निक्कै सम्झाएका थिए ।

लियोले आफूमा आएको परिवर्तनको कारण अन्य कैदी साथीहरूलाई पनि शिविरमा भाग लिन सहयोग गर्दै रहे । केही समय यता नर्वेका एउटा टी.वी टिमले तिहाड जेलको भ्रमण गरेका थिए । उनीहरूले लियोलाई भेटे पछि उनको बारेमा एउटा फिल्म बनाई नर्वेमा प्रशारित गरे । र साथै उनको सहयोग गर्न नर्वेका जनताहरूमा एउटा अपील पनि प्रशारित गरेका थिए । यसबाट त्यहाँका नागरीकहरूमा निक्कै असर पर्‍यो । जनताहरूको दवाव र लियोमा आएको परिवर्तनको कारण नर्वेका प्रधानमन्त्रीले भारतका गृहमन्त्री लालकृष्ण आडवाणीसंग लियोको संजाय माफ गर्न अनुरोध गरे । केही समय पछि भारतको संविधानको धारा ७२ अनुसार राष्ट्रपतिले उनलाई बाँकी ५ वर्ष कैद र २ लाख रुपैंया जरिवाना माफ गरी उनलाई कैद जीवनबाट मुक्त गरे ।

**कल्याण मित्र, स.ना.गो.**

*(साभार: "विपश्यना" बुद्ध वर्ष-२५४६; वि.सं. २०६० वैशाख; वर्ष-२०; अङ्क-१)*

धर्मकीर्ति विहार — **गतिविधि**

### धर्मकीर्ति विहारको पुन:निर्मित भवनको वार्षिकोत्सव सम्पन्न

*२०६२ मंसिर १३, स्थान- धर्मकीर्ति विहार ।*

दाता श्री द्रव्यमानसिंह, बसुन्धरा तुलाधर सपरिवार को सश्रद्धाबाट धर्मकीर्ति विहारको पुन:निर्मित भवनको वार्षिकोत्सव कार्यक्रम सम्पन्न गरिएको छ । बुद्ध पूजा पछि भिक्षु अश्वघोष महास्थविरबाट धर्मदेशना गरिएको उक्त कार्यक्रममा दाता परिवारको तर्फबाट भन्ते गुरुमांहरूलाई दानप्रदान गरिनुका साथै जलपान भोजन दान पनि गरि एको थियो । यसरी नै कार्यक्रममा उपस्थित श्रद्धालु उपासको-पासिकाहरूलाई जलपान दान गरिएको थियो ।

# विवेक, मोक्षको पहिलो खुड्किलो हो

■ **नरेन्द्रनाथ भट्टराई**

विवेक विना सार्थक जीवन असम्भव छ । बुद्धि जति निर्मल शुद्ध र शान्त हुन्छ मानिस त्यति नै शीघ्र, विवेकी बन्दछ भने जति मानिसको बुद्धि अशुद्ध हुन्छ उती त्यो अभागी मानिसबाट अनेकन् भ्रष्टाचार, दुराचार, व्यभिचार हुन थाल्दछ ! हामी भित्र रहेको विवेकले सधैं हामीलाई सुमार्गमा चलाउन अनेक प्रयास गरिरहेको हुन्छ । विवेकले साथ नदिएको भए मानिसको सर्वनाश भइसक्ने थियो ।

मोक्ष कसरी पाइन्छ भनी एकजना मानिसले महात्माकहाँ गएर प्रश्न गरे । महात्माले भन्नुभयो– मोक्षका लागि जम्मा दुई खुड्किला मात्र चढ्नु पर्दछ । पहिलो खुड्किलामा खुट्टा राख्न धेरै गाह्रो छ । पहिलो खड्किलोमा राम्ररी टेक्ने मानिसले दोस्रो खड्किलामा सजिलैसँग खुट्टा राखिहाल्दछ । पहिलो खुड्किलो विवेक र दोस्रो मोक्ष हो । मनलाई बुद्धिको सेवक बनायो भने मात्र पहिलो खुड्किलोमा टेकिन्छ ।

दृष्टान्तद्वारा सम्झाउने हेतुले महात्माले सोध्नुभयो– "तिमी जेल परेका छौ ?" परेको छैन भनी ती मानिसले उत्तर दिए । तिमी पागलखानामा भर्ती भएका छौ ? भनी प्रश्न गर्दा भएको छैन भनी उत्तर दिए । तिमीले आत्महत्या गरेका छौ त भनी प्रश्न गर्दा गरेको छैन भनी ती मानिसले उत्तर दिए । आश्चर्य छ । तिमी अहिलेसम्म कसरी बच्यौ ! भनी महात्माले भन्नु हुँदा ती मानिसले "मैले बुझ्न सकिन हजूरका यी कुरा स्पष्ट गरिदिनु पर्‍यो" भने । महात्माले भन्नुभयो– "हेर बाबु ! आवेगको आँधीमा परेका बखत तिमीलाई कस्तो-कस्तो कुकृत्य गर्न मन लागेको थियो होला सम्झ त ! आजसम्म कतिपटक तिमीलाई क्रोधले सताएको थियो अनि ती बेलामा तिमीले कहिले पत्नीलाई, कहिले छिमेकीलाई, कहिले हाकिमलाई, कहिले नोकरलाई त कहिले मित्रलाई, कुट्न, पिट्न, मार्न र काट्न समेत तत्पर भएका थियौ होला ! यदि त्यस बेलामा मनमा उठेका ती कृत्य गरेका भए के तिमी अहिले यहाँ हुनुको सट्टा जेल मा हुने थिएनौ ? यसै गरी आजसम्म समय-समयमा तिम्रा मनमा कस्ता-कस्ता विचार उठेका थिए ! ती कुराहरू तिमीले बाहिर भनेर हिंडेको भए उहिल्यै तिमीलाई पागलखानामा लगेर राखिसक्दथे । धेरै अगाडिका के कुरा भनौं, अहिल्यै पनि एक दिनभर मात्र तिम्रा मनमा उठेका कुरा तिमीले भन्यौ भने पनि तिमीलाई पागल भन्दछन् । अर्को कुरा तिमीले आजभन्दा अगाडि कैयौं पटक निराश भएर आत्महत्या गर्न पाए आनन्द हुने थियो भनी सोचेका थिएनौ ?" महात्माका यी कुरा सुन्दा आश्चर्य मान्दै ती मानिसले भने– "हो स्वामीज्यू ! यी तीनै कुरा मैले कैयौं पटक सोचेको थिएँ ! गर्न तम्सेको थिएँ ! तर भाग्यवश आजसम्म हुन चाहिं पाएन कसरी होला ?" तब हाँस्दै महात्माले भन्नुभयो– "यी तीन अवस्थाबाट आजसम्म तिमीलाई बचाउनेवाला हो, तिम्रो विवेक । तसर्थ तिमीभित्र रहेको त्यही विवेकको शरणमा जाऊ, शरण पर्ने वित्तिकै तिमीमा होशको ज्योति बल्न थाल्दछ । यसरी जब तिमी विवेकमा स्थीर हुन्छौ, तिमीलाई मनमा समय-समयमा उठ्ने आँधीले हुत्याउन पाउँदैन तब तिम्रो खुट्टा यो संसाररूपी जमीनबाट उठेर पहिलो खुड्किलोमा पुग्दछ । त्यो खुड्किलोमा मजबूतसँग खुट्टा अडचाउन सक्यौ भने सजिलैसँग तिमी दोस्रो खुड्किलो, मोक्षमा पुग्नेछौ । तसर्थ एकैपटक मोक्षको कुरा नगर । विवेक जगाऊ तब त्यही विवेकले तिमीलाई मोक्षमा लैजान्छ ।

संसारी मानिस जहाँ कहीं पनि संसार मात्र देख्दछ यसैगरी आत्मज्ञानी मानिस जहाँ कहीं पनि परमात्मा मात्र देख्दछ ।

*साभार : परमात्माको दर्शन (चिन्तनद्वारा)*



Downloaded from http://www.dhamma.digital

**"रुपं जीरति मच्चानं नाम गोत्तं न जीरति"**
अर्थात् 'मानिसको रूप जीर्ण भएपनि उसको नाम र गोत्र स्मरणको रुपमा जीवित भइरहन्छ' ।



# प्रकाश वज्राचार्यको नाम र कीर्ति मात्र बाँकी छ

■ भिक्षु अश्वघोष

**"रुपं जीरति मच्चानं नाम गोत्तं न जीरति"** अर्थात् "मानिसको रुप जीर्ण भएपनि उसको नाम र गोत्र स्मरणको रुपमा जीवित भइरहन्छ" ।

यो बुद्धवचन हो । यसरी नै अर्को बुद्धवचन यसरी रहेको छ–

मानिसले यस संसारमा जन्म लिए देखि ३ वटा तत्त्वहरू आफ्नो साथमा लिएर आएको हुन्छ । ती यसरी छन्– बृद्ध हुँदै जानु, रोगी हुनु र मृत्यु हुनु ।

यो प्रकृतिको नियम नै हो । यसलाई कसैले पनि रोक्न सक्दैन ।

आजको वैज्ञानिक युगले नयाँ नयाँ चीजहरूको आविष्कार गरिरहेको छ । एउटै बमले लाखौं करोडौं मानिसलाई एकैं चिहान बनाउन सक्ने भइसक्यो । तर यसले मानिसलाई मृत्युको मुखबाट बचाउन भने सकेको छैन । त्यसैले होला प्रकाश वज्राचार्य जस्तो विद्वान व्यक्ति पनि उमेर नपुग्दै मृत्युको अधिनमा जान पर्‍यो । प्रकाश वज्राचार्य देहावसान भएको दुःखद समाचारले सबैलाई आश्चर्य चकित एवं दुखित तुल्याएको छ । उनी मात्र ४७ वर्षको विद्वान व्यक्तित्त्व थिए ।

प्रकाश वज्राचार्य चर्चित बन्न सक्नुको विभिन्न कारणहरू मध्ये एक प्रमुख कारण उहाँले लेख्नु भएका बुद्धका अमूल्य उपदेशहरू संगालिएका ग्रन्थहरू "बौद्ध दर्पण" "मानव महामानव", बुद्ध र बुद्धपछि" आदि हुन् । अन्वेषणात्मक ढंगले लेखिएका यी ग्रन्थहरूले उहाँको कीर्तिलाई बचाईराखेको छ । यी ग्रन्थहरू रहुञ्जेल उनी जीवित नै भइरहनेछ ।

प्रकाश वज्राचार्य जस्तो विद्वान व्यक्ति उत्पादन गर्न सक्नुमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले आफ्नो ठूलो उपलब्धी महसूस गरेको छ । यस गोष्ठीको चम्किलो ताराको रुपमा रहनुभएका प्रकाश वज्राचार्यले धेरै वर्ष सम्म धर्मकीर्ति पत्रिकाको सम्पादन कार्यमा उल्लेखनिय योगदान पुऱ्याउनु भएको थियो ।

म राष्ट्रिय सभामा रहँदा उहाँले मलाई पुऱ्याउनु भएको सहयोगलाई मैले बिर्सन सक्दिन ।

जेहेन्दार व्यक्तित्त्वका धनी प्रकाश वज्राचार्यको देहावसानले नेपाली बौद्ध जगतमा अपूरणीय क्षतिको महसूस गरिएको छ । ■

## धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना

गत कार्तिक २३ गते अष्टमि देखि मंसीर १६ औंशी सम्म धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना कार्यक्रम यसरी संचालन भएको थियो ।

| मिति | बुद्धपूजा | धर्मदेशना |
|---|---|---|
| २०६२ कार्तिक २३ | वीर्यवती गुरुमां | सयादो भदन्त उ सज्जनाभिवंस |
| २०६२ कार्तिक २९ | अनुपमा गुरुमां | अनुपमा गुरुमां |
| २०६२ मंसीर १ | चमेली गुरुमां | धम्मवती गुरुमां |
| २०६२ मंसीर ९ | चमेली गुरुमां | धम्मवती गुरुमां |
| २०६२ मंसीर १६ | इन्दावती गुरुमां | इन्दावती गुरुमां |



# दिवंगत प्रकाश वज्राचार्यको गुणानुस्मरण

■ लोचन तारा तुलाधर

आमा मोहनदेवी र बुवा स्व. सर्वानन्द वज्राचार्य ज्यूको चौथो तथा कान्छा सुपुत्रको रुपमा वि.सं. २०१५ सालमा प्रकाश वज्राचार्यको जन्म असनमा भएको थियो । वहाँको दुइ दिदीहरू तथा एक बहिनी हुनुहुन्छ । बि.सं. २०४५ सालमा वहाँको कविता तुलाधर संग वैवाहिक जीवन सम्पन्न भएको थियो । वहाँहरूको एक छोरी हुनुहुन्छ ।

त्रि.वि.वि.बाट प्राणीशास्त्रमा एम.एस्सी. गर्नु भएका प्रकाश वज्राचार्यले DSI (Data System International) मा ट्रेनिङ्ग लिई America मा फेरि दुई वर्ष Programme बनाउने सम्बन्धी तालिम लिई नेपालमा Mercantile Trading मा कार्यरत हुनु भयो । वहाँको अन्तिम जीवनसम्म नै त्यही Software Department को प्रमुख भई कार्यभार सम्हाली रहनु भएको थियो । उहाँ Pumori Architect System Designer हुनुहुन्थ्यो ।

बहुमुखी प्रतिभाको धनी प्रकाश वज्राचार्य धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको स्थापना काल भन्दा केही वर्ष पछि मात्र आउनु भएको थियो । तर थोरै समयमा नै बुद्धधर्म सम्बन्धी धेरै ज्ञान हासिल गर्नु भएको वहाँले केही वर्ष भित्र नै पुस्तक लेखन थालनी गर्नु भयो । बुद्ध धर्म सम्बन्धी वहाँले लेख्नु भएको पुस्तकहरू यी हुन्–

- सप्तरत्न धन - प्रकाशन वि.सं. २०३७
- बौद्ध दर्पण - प्रकाशन वि.सं. २०३९, द्वि.सं. २०५३ तेश्रो संस्करण २०६१
- किसा गौतमी - प्रकाशन वि.सं. २०४०
- झंग लाइम्ह लाखे - प्रकाशन वि.सं. २०४२
- मानव महामानव - प्रकाशन वि.सं. २०४३
- जातक कथा - प्रकाशन वि.सं. २०४४
- बुद्ध र बुद्ध पछि - प्रकाशन वि.सं. २०४८

यी मौलिक कृतिहरू बाहेक अनुवाद लेखनमा पनि वहाँको हात छ । वहाँको अनुवाद कृतिहरू–

- के. श्री धम्मानन्दको - बौद्ध विश्वास
- धम्मवती गुरुमांको - उखानको कथा संग्रह
- श्री युक्त नाथुराम प्रेमीको - श्रमण नारद
- भिक्षु तंपुलु सयादोको - महासतिपट्ठान विपस्सना अन्तर्मुखी ध्यान

यी बाहेक भिक्षु अश्वघोष महास्थविरको प्रधान सम्पादकत्वमा ३० वर्ष अघिदेखि निरन्तर प्रकाशित "धर्मकीर्ति" पत्रिकामा सम्पादक भएर पनि कार्यरत हुनुभएको थियो (वि.सं. २०४२ देखि वि.सं. २०५१ सम्म)

यसरी बुद्ध धर्मको उत्थान तथा प्रचार प्रसारमा हरतरह जुट्नु हुने वज्राचार्य हरेक समय नयाँ नयाँ प्रयोगको खोजीमा लागिरहनु हुन्थ्यो । बुद्ध धर्मलाई कलिला युवा युवतीहरूले पनि चाँडै बुझ्न सकुन् भन्ने अभिप्रायले वहाँले धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्यहरूसंग सल्लाह गरी नाटक मञ्चन गर्ने काम पनि अघि सार्नु भयो । वहाँद्वारा लिखित "विसाखा" "धन र गुण श्रद्धा र प्रज्ञा" नाटक वि.सं. २०३५ साल तिर धर्मकीर्ति विहारमा मञ्चन भएको थियो । जुन नाटकहरूले असाध्य लोक प्रियता हासिल गरेको थियो । त्यस्तै फेरी वि.सं. २०५० मा वहाँद्वारा लिखित छुच्चाम्ह बंजा:" नाटक मञ्चन भयो । नाटक लेखन, निर्देशन र पात्र समेत आफै भई वहाँले आफ्नो कार्य कुशलता प्रदर्शन गर्नुभयो । यति मात्रै कहाँ हो र नेपाल भाषा साहित्य उत्थानमा पनि वहाँको उत्तिकै योग दान छ । वहाँले ने.सं. ११०३ तिर "फ्वाँगं गुथि" नामक हास्य नाटक लेख्नुको साथै आफू प्रमुख पात्र भइ खेल्नु भएको थियो । यस्तै "छगू प्याखं धात्थें यागु" र "कुलां चकनी तिनि" नाटकमा प्रमुख नायकको रुपमा भूमिका निर्वाह गर्नु भएको थियो । पछिल्लो नाटकले त धेरै नै लोकप्रियता पाएको थियो । विभिन्न विधामा एकै चोटी हात हाल्न सफल वज्राचार्यले नेपालभाषाको जासुसी उपन्यास "हिं बुलात:गु पौ" लेखी उपन्यासकारको सूचिमा पनि पर्नु भएको थियो ।

माथी उल्लेखित कृतिहरूको अलावा वहाँको धेरै नै साहित्यिक फुटकर रचना, कथा, लेखहरू विभिन्न साहित्यिक पत्रिकाहरूमा प्रकाशित छन् ।

संधै नयाँ विचारको खोजीमा लाग्ने वज्राचार्यले धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको जन्म जयन्तीको उपलक्ष्यमा बुद्धकालीन भूगोल र प्रसिद्ध बौद्ध ऐतिहासिक र सांस्कृतिक स्थलहरूको मोडेल नक्सा बनाइ प्रदर्शन गर्नु भएको कुरा यहाँ उल्लेखनीय छ ।

घरका जहानहरूले दिएको जानकारी अनुसार वहाँले हाल Life of Tathagata नामक अंग्रेजीमा पुस्तक लेखिरहनु भएको थियो । ■



Downloaded from http://www.dhamma.digital




# धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी र दिवंगत प्रकाश वज्राचार्य

■ रीना तुलाधर
*संस्थापक सदस्य, ध.बौ.अ.गो.*

आजभन्दा झण्डै ३५ वर्ष अगाडि वि.सं. २०२८ जेष्ठ ७ का दिन काठमाडौंको श्रीघ:स्थित धर्मकीर्ति विहारमा स्थापना भएको बौद्ध संस्था धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी वर्तमान नेपालमा थेरवाद बुद्ध धर्म प्रचार गर्ने सक्रिय बौद्ध संस्थाहरू मध्ये एक हो । बुद्ध धर्मको व्यावहारिक शिक्षाको अध्ययन, अध्यापन गर्ने, ग्रामीण तथा जिल्ला स्तरमा बुद्ध धर्म प्रचार गर्ने, वार्षिक बौद्ध पत्रिका प्रकाशन गर्ने तथा स्वदेशी तथा विदेशी बौद्ध विद्वानहरूको स्वागत सम्मान गर्ने जस्ता चार प्रमुख उद्देश्य लिएर स्थापना भएको यस गोष्ठीले स्थापनाकाल देखि वर्तमानसम्म अटूट रुपमा निहित उद्देश्य भन्दा कैयौं गुणा धेरै गतिविधिहरू सञ्चालन गरेर नेपालमा बुद्ध धर्म प्रचारमा निकै योगदान पुऱ्याउँदै आएको छ ।

गत कार्तिक १८ गते अकस्मात निधन हुनु भएका बौद्ध विद्वान प्रकाश वज्राचार्य यसै गोष्ठीका पुराना सदस्य एवं एक गौरवमय उपज हुनुहुन्थ्यो । यस गोष्ठीका अत्यन्त सक्रिय कार्यकर्ता हुनुहुन्थ्यो । अध्ययन गोष्ठी र प्रकाश वज्राचार्य बिच अन्तर सम्बन्ध गहिरो छ । यी दुई पक्षको बिच एक आपसको सम्बन्ध उल्लेखनीय छ ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको विषयमा लामो चर्चा गर्नु अहिलेलाई त्यति जरुरी छैन किनकि यस गोष्ठीको गतिविधिहरूको बारेमा निरन्तर समाचार सम्प्रेसन भई नै रहन्छ । यस गोष्ठीका पुराना सदस्य दिवंगत प्रकाश वज्राचार्यको परिचय दिउँ भने धेरै थरिले दिनु आवश्यक हुन्छ । बौद्ध साहित्यतिरको उहाँका उल्लेखनीय कृतिहरू बौद्ध दर्पण, मानव महामानव, सप्तरत्न धन, किसा गौत्तमी, बुद्ध र बुद्धपछि, जातक कथा, भ्रंग: लाइम्ह लाखें (सचित्र कथा), तथा उहाँबाट अनुदित कृतिहरू बौद्ध विश्वास, श्रमण नारद, उखानको कथा संग्रह, महासतिपट्ठान विपस्सना अन्तर्मुखी ध्यान इत्यादिबाट मूल्यांकन गर्ने हो भने उहाँ एक धुरन्धर विद्वान, ग्रन्थधुर बौद्ध व्यक्तित्व हुनुहुन्थ्यो ।

अर्कोतिर नाटककारको रुपमा पनि उहाँ प्रसिद्ध बन्नु भएको थियो । 'विशाखा' 'श्रद्धा व प्रज्ञा' 'फ्वगिं गुथि' 'छुच्चाम्ह वञ्जा:' जस्ता नाटकहरू लेखेर छुच्चाम्ह वञ्जा: बाहेक बाँकि सबै आफैले निर्देशन गरेर मञ्चन पनि गराउनु भयो । 'जागिर ब्यूम्ह मनू', 'छगू प्याखं धात्थेंयागु' जस्ता नेपाल भाषाका सफल नाटकहरूमा उहाँले प्रमुख भूमिका खेल्नु भएको थियो भने 'कुलां चकनी तिनि' नामको अति लोकप्रिय नाटकमा उहाँले प्रमुख नायकको भूमिका खेलेर आफ्नो अभिनयकला सफलपूर्वक प्रदर्शन गर्नु भएको थियो ।

'हिं बुला त:गु पौ' नामक नेपाल भाषाका उपन्यासबाट फेरि उहाँ एक सफल जासूसि उपन्यासकारको रुपमा देखिन आउँछ ।

साहित्य र कला क्षेत्रको अलावा पेशागत रुपमा उहाँ कम्प्यूटर विज्ञानको क्षेत्रमा नेपालकै बेजोडको प्रतिभा सिद्ध हुनुभएको छ । Data System International का Miller भन्ने व्यक्तिबाट प्रशिक्षण लिएर उहाँ Manpower Export को रुपमा अमेरिका जानु भयो । कम्प्यूटर सम्बन्धि प्रशस्त अध्ययन र प्रशिक्षण लिएर फर्केपछि मर्कन्टाइल अफिस सिष्टममा अति गहन र मेहनतपूर्वक काम गरेर कम्प्यूटर क्षेत्रमा ठूलो योगदान पुऱ्याउनु भयो । नेपालको बैंकिंग क्षेत्रमा अति लोकप्रिय सफ्टवेयर Pumori Architect System को निर्माण गरेर आफ्नो दक्ष क्षमता देखाउनु भयो । मर्कन्टाइल अफिस सिष्टममा सफ्टवेयर

डिपार्टमेण्टको प्रमुखको रुपमा कार्यरत प्रकाश वज्राचार्यको कम्प्यूटर क्षेत्रमा योगदान उहाँको जीवनको एउटा अलग्गै अध्याय थियो। अति तीक्ष्ण बुद्धिका, बहु प्रतिभाशाली प्रकाश वज्राचार्य शैक्षिक योग्यताको हिसाबले भने एक जीव वैज्ञानिक हुनुहुन्थ्यो।

पत्रिका सम्पादन क्षेत्रमा बेग्लै प्रभाव पार्न सफल हुनु भएका उहाँले धर्मकीर्ति विहारको मुखपत्र 'धर्मकीर्ति' पत्रिकाको वि.सं. २०४१ जेठदेखि २०५१ चैत्रसम्म सम्पादन गर्नु भयो । उहाँले सम्पादन गरेर पत्रिकाको स्तर निकै उकास्नु भएको थियो। साथै 'आनन्दभूमि' नामको नेपालको पहिलो बौद्ध मासिक पत्रिकामा उहाँले सक्दो योगदान पुऱ्याउनु भएको थियो।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी र प्रकाश वज्राचार्यले एक आपसमा खूबै योगदान पुऱ्याएको वास्तविक तथ्य चर्चा गर्नु लायकको छ । प्रकाश वज्राचार्य एक बौद्ध तथा विज्ञानका विद्यार्थी हुनुहुन्थ्यो। बुद्ध धर्म र विज्ञानको भने गहिरो सम्बन्ध छ। यही कारण लिएर प्रकाश बुद्ध धर्म अध्ययन गर्न लालायित थिए। धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी नै उनको लागि अध्ययनको थलो बन्यो र पछिबाट उनको कार्यक्षेत्र। धर्मकीर्ति विहार तथा अध्ययन गोष्ठीमा प्रवेश गरेपछि उनको जीवनमा ठूलो परिवर्तन आएको थियो। विहारका गुरुमांहरू तथा भिक्षु अश्वघोष र विहारका साथीहरूको प्रेरणा एवं सहयोगबाट उनले आफ्नो प्रतिभा दर्शाउने मौका पायो । 'सप्तरत्न धन' नामको आफ्नो पुस्तकमा प्रकाश वज्राचार्यले भूमिकामा यसरी आफ्नो मनको कुरा व्यक्त गर्नु भएको छ– "साँच्चैमा म केही लेख्न जान्ने मानिस छुइन, न म कुनै साहित्यकार हुँ। यहाँ मेरो कलम चलेकै धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले गर्दा हो। बुद्ध धर्मको बारेमा केही जानेको पनि यही गोष्ठीबाट हो। पूज्य अश्वघोष भन्ते र धम्मवती गुरूमांले मार्ग निर्देशन गर्नु भएकोले नै यो पुस्तक लेख्ने प्रयास गर्न सकें।" यस प्रकारले आफूले गर्न सकेको जतिको श्रेय अध्ययन गोष्ठीलाई दिनु भएको छ।

अर्कोतर्फ प्रकाश वज्राचार्यले अध्ययन गोष्ठीप्रति पुऱ्याउनु भएको योगदान उल्लेख गर्नु अत्यावश्यक छ। अध्ययन गोष्ठीको नियमित शनिवारीय कक्षामा 'कौशाम्बीमा बुद्ध गाथा', 'जीवन के हो ?' 'बौद्ध दर्शन', 'सूचना प्रणाली र विपस्सना' 'अरहत', 'निर्वाण' दर्शनको इतिहास', 'सम्रात हर्षवर्धन', 'तन्त्रयानको उत्पत्ति', 'बुद्ध धर्म र भाषानीति' जस्ता बुद्ध धर्मको दर्शन, व्यावहारिक पक्ष, बुद्ध धर्मको इतिहास जस्ता विविध पक्षलाई समेट्ने गहन विषय वस्तुलाई लिएर कक्षा सञ्चालन गर्नु हुन्थ्यो। अध्ययन गोष्ठीको कक्षामा उपस्थित सदस्यहरूलाई आफ्नो विद्वतापूर्ण प्रवचनद्वारा लाभान्वित गराउनु हुन्थ्यो। लेख लेख्न चाहने साथीहरूलाई सन्दर्भ सामग्री उपलब्ध गराउनु हुन्थ्यो। वि.सं. २०३० देखि २०५० सम्मको दुई दशकको दौरानमा गोष्ठीको आयोजनामा भएका अधिकांश भन्दा झन् हरेक कार्यक्रममा प्रकाश वज्राचार्यले प्रमुख भूमिका निर्वाह गर्नु भएको थियो। त्यति बेलाको उहाँको युवा जोश Dynamic थियो। उहाँले प्रयोगमा ल्याउने नयाँ नयाँ श्रृजनशील विचार बाट गोष्ठीको कार्यक्रमहरूले नयाँ मोड लिएको थियो। हरेक क्षेत्रमा नवीन विचार (Newness) प्रस्तुत गर्ने उहाँको श्रृजनशील स्वभावले गर्दा अध्ययन गोष्ठीको कार्य ढाँचामा नयाँपन आउने गर्थ्यो जसले गर्दा अध्ययन गोष्ठीबाट आयोजित कार्यक्रमहरू लोकप्रिय हुन्थ्यो । अध्ययन गोष्ठीको निहित उद्देश्यमा आधारित अधिकांश कार्यक्रमहरू जुन त्यस दुई दशक बिच सञ्चालन भयो त्यसमा प्रकाश वज्राचार्यको सक्रिय एवं प्रमुख भूमिका रहेको थियो भन्नुमा कसैको दुई मत नहोला। सँधै भरि जागृत एवं सक्रिय रहने, मेहनती तथा जिम्मेवारिबाट बिलकुल नपन्छिने उहाँको स्वभाव त्यसमाथि स्वयं सेवाको प्रबल इच्छा जुन उहाँको हृदयमा थियो त्यसले गर्दा धर्मकीर्ति विहारका गुरुमांहरू तथा उहाँका सहकार्यकर्ताहरू र उपासक उपासिकाहरूबिच उहाँ सँधै प्रियपात्र बन्नुभयो। 'प्रकाश वज्राचार्य' एउटा अति लोकप्रिय प्रख्यात नाम सिद्ध भयो।

उतार-चढाव जोसुकैको जीवनमा आउँछ। अन्य अनेकौं क्षेत्रमा व्यस्त रहनु भएका, अनेकौं जिम्मेवारी बोक्नु भएका प्रकाश वज्राचार्यले एक दशक यतादेखि अध्ययन गोष्ठीको लागि सक्रिय भएर काम गर्न सक्नु भएन। तर बौद्ध कृतिहरू भने उहाँले श्रृजना गर्दै हुनुहुन्थ्यो। देहावसानकै समयमा 'The Life of Tathagata' नामको अति गहन ग्रन्थ उहाँ लेख्दै हुनुहुन्थ्यो जुन दुर्भाग्यवश हाम्रो सामू आएन। 'मृत्यु' जस्तो जीवनको तीतो सत्यलाई साबित गरेर उहाँ जानु भयो सदाको लागि।

प्रकाश वज्राचार्यको अकस्मात मृत्युको खबर धर्मकीर्ति विहार तथा अध्ययन गोष्ठी परिवारको लागि एउटा ठूलो भूकम्प भएर आईदियो। सबैलाई स्तब्ध बनाई दियो। अपूरणीय क्षति भयो। अबबाट अध्ययन गोष्ठीप्रति प्रकाश वज्राचार्यको योगदान नरहने भयो। ठूलो क्षति खप्नु परेको अध्ययन गोष्ठी परिवारले धैर्य धारण गर्नुका साथै उहाँको गुणानुस्मरण गर्नु मात्र बाँकि रह्यो। उहाँको पुण्य स्मृतिमा पुण्यानुमोदना गर्नु बाहेक अरु केही बचेन। ■



Downloaded from http://www.dhamma.digital

# धर्म तथा संघको विशेषता-२

■ डा. गणेश माली

पछि गएर विकृतिहरू थप्रिन भन्दा अघिका बुद्धका मौलिक उपदेशहरू सरल, हृदयलाई छुने, वैज्ञानिक सत्यताले पूर्ण साधारण जनमानसले बुझ्न सक्ने, अन्धकारले भरिएकोलाई प्रकाश र ज्ञान दिने खालका हुन्थे । त्यसवेला अज्ञानी, लोकमा भुलेका साधारण ब्यक्तिहरूलाई उनले यसप्रकार उपदेश दिन्थे कि उनीहरू मध्ये धेरै जसो श्रोतापति मार्ग फलमा प्रतिष्ठित हुन्थे । उनले देशना गरिएको धर्म राम्ररी व्याख्या गरिएको हुन्थ्यो, सार्वकालिक, सार्वजनिक र सार्व देशिक हुन्थ्यो, अहिलेको अहिल्यै फल प्राप्त गर्न सकिने, आफैले अनुभव गरी पारख गरी हेर्न सकिने, विद्वानहरूले पनि चिन्तन मनन गरी हेर्न सकिने खालको हुन्थ्यो । अनि दुखबाट मुक्त गरी निर्वाण तिर लैजाने खालको हुन्थ्यो । सम्यक सम्बुद्धको ब्याख्याकी शैली र धर्ममा निहित सत्यको तेजले, वहाँको धर्म सार्वकालिक र सार्वदेशिक रहेको छ । सत्य, चाहे त्यसलाई पत्ता लगाई व्यक्त गर्ने कोही हुन् या नहुन्, सत्य नै हुन्छ । जस्तै वैज्ञानिक आर्कि मिडिजको सिद्धान्त आर्के मेडेज जन्मनु भन्दा पनि सत्य नै थियो र अचेल अर्किमेडेस पछि पनि हामीले गरेर हेर्दा खेरी पनि सत्य नै हुन्छ । यो सिद्धान्त आर्कमेडेस जन्मदा अघि पनि नभएको होइन, पछि पनि नहुने होइन । नेपालमा मात्र हुने संसारको अरु देशमा नहुने पनि होइन । त्यस्तै ध्रुव सत्य छन् बुद्धका आर्य सत्यहरू, अष्टांगिक मध्यम मार्ग र प्रतीत्य समुत्पाद सत्य तथा उनले प्रकाश गरेका अरु सत्यहरू । बुद्ध जन्मनु भन्दा अघि पनि यी सत्यहरू थिए बुद्धको समयमा पनि थिए र बुद्ध पछि पनि रहने छन् । यी सत्यहरू नेपालमा र भारतमा मात्र होइन संसारका कुनै देशमा पनि त्यतिकै सत्य छन् । यही कुरा देखाउन पहिले एकपटक बुद्ध अगाडि पनि र पछाडि पनि बुद्धका लहर देखाउने परिपाटी चलेको थियो, जुन् कि शायद आवश्यक थिएन । सत्यको कहिल्यै अभाव हुँदैन असत्य कहिल्यै रहदैन । बुद्धधर्म सार्व देशिक र सार्वकालिक हुनाको कारणले संसारका प्राय: सबैजसो देशमा सजिलैसंग फैलिंदै गएको हो । बुद्धको धर्ममा अहिलेको अहिल्यै फल दिने को अर्थ यो हो कि धर्मानुसार आचरण गरेको कर्मको फल तत्काल प्राप्त हुन्छ र त्यस्को राम्रो असर पछि सम्म पनि देखा परीरहन्छ । बुद्ध भन्नु हुन्छ : **"इध नन्दति पेच्च नन्दति कतपुञ्ञो उभयत्थ नन्दति' पुञ्ञं मे कतन्ति नन्दति, भिय्योनन्दति सुगतिं गतो"** *(धम्मपद, १८)*

त्यस्तै पापकर्म गर्नेको मनको बेचैनी नै उस्को कर्म को पहिलो फल हो, जो तुरून्तै प्राप्त हुन्छ, पछि बयलको पछि पछि गाडाको चक्का आउने जस्तै आउने दुखहरू त छँदैछन् ।

धर्ममा निहीत सत्यता हतियारहरू भन्दा पनि बलियो हुन्छ, त्यसकारण बुद्धधर्म फैलिंदै जान न कसैको ज्यान लिनु पर्‍यो, न बलजफ्ती नै गर्नु पर्‍यो । षडयन्त्रकारीहरूको षडयन्त्र र दमन चक्रको बावजूद, केही वेर दवेको जस्तो देखिए पनि सत्य धर्म फेरि बादलले छोडेको चन्द्रमा जस्तै चम्केर आउँछ । नालन्दा र तक्षशीला विश्वविद्यालयहरूमा देश देशावरका हजारौं विद्यार्थिहरू आई धर्म अध्ययन गर्थे र पछि आफ्नो आफ्नो देशमा फर्की धर्म प्रचार गर्थे । हालै गरिएको खोजी अनुसार ईशाले पनि आफ्नो यौवनावस्थामा पश्चिमी भारतमा प्रचलित बुद्धधर्म अध्ययन गरेका थिए र आफ्नो प्रतिभाको कारण ईशानाथ कहलाइएका थिए । उनी महान योगी पनि बने । यसैकारण बुद्ध धर्म र इशाइ धर्मका मूल सिद्धान्तहरूमा समानता देखिन्छ । यद्यपि यहुदी धर्मका प्रभावमा परेका जनतालाई हात लिन ईशाले पृथ्वीमा स्वर्गको राज्यको कल्पना गरे तथा आफूलाई स्वर्गमा रहेका पिता परमेश्वरका पुत्र भनी दावी गरेका थिए । उनलाई दफनाई सके पछि पनि योगबलले चिहानबाट विउती पुन: आफ्नी आमा संग पश्चिमी भारत फर्की त्यहीं शेष जिन्दगी बिताएको तथ्य अनुसन्धानको दौरान पाइएको छ ।

> *"सबै प्रकारको मिथ्या दृष्टिलाई हटाउन जसले अनुकम्पा राखी, सद्धर्मको देशना गर्नु भयो, उनी गौतम बुद्धलाई म नमस्कार गर्दछु । सबै संस्कारलाई अनित्य, दु:ख तथा अनात्म प्रदर्शित गर्नुहुने बुद्धलाई त्यस्तै धर्मलाई तथा संघलाई पनि नमस्कार गर्दछु ।"*

दु:खको कुरा छ, भगवान बुद्धको यस प्रकारको धर्ममा पनि पछि विकृति थपिंदै गए । विशेष गरी थेरवादमा भन्दा पनि महायानी वज्रयानी बुद्ध धर्ममा जुन प्रकारपूर्ण पराप्राकृतिक रहस्यमय तत्वहरू थपिन गए, त्यसका कारण तत्कालका मानिसहरूलाई आकर्षित गरी प्रभाव पार्न सफल भए पनि अन्ततोगत्वा आजको वैज्ञानिक युगमा आएर जनमानसको श्रद्धा र विश्वास जित्न मुश्किल हुँदै गइरहेको हामी देख्दै छौं । भगवान बुद्धले आफ्ना धर्मका अनुयायी भिक्षुहरूलाई संगैबसी परस्पर हेरचाह गरी बस्न, तथा आफ्नो धर्म लोकमा चिरकाल सम्म बहुजनको हित र सुखको लागि रहोस् भन्ने मनसायले पनि जुन् संघको स्थापना गर्नु भयो, त्यो पनि बुद्धको धर्म फैलाउन र विस्तृतीकरण गर्नमा सहायक हुन गयो । वहाँको सार्वदेशिक सार्वकालिक स्वभावको धर्म हुनाले कुनै पनि देशका मानिसहरूको मन जित्ने खालको हुन्थ्यो र यसरी पनि वहाँको संघको पनि धेरै देशहरूमा प्रसार हुँदै गयो । चरथ भिक्खवे चारिकं" भन्ने वहाँको आदेशलाई साकार गरी भिक्षुहरू नेपाल र भारतबाट म्यानमार, श्रीलंका, जावा, सुमात्रा, वोर्निदो थाइलाण्ड, क्याम्वोडिया, तिब्बत, चीन, जापान आदिदेशहरूमा चारिका गर्दै त्यहाँका स्थानीय भाषामा नै

धर्महरूको देशना गर्दै घुमे । आजसम्म पनि संसार भरी यस पावन धर्मलाई प्रसार गर्ने अभियान जारी नै छ ।

अशान्ति र कोलाहल युक्त आजको विश्वमा पहिले भन्दापनि बुद्धका शान्ति प्रदायी उपदेशहरूको औधि खाँचो छ, र जति चाँडै यस संसारले बुद्धधर्म भित्रको सत्यता र यथार्थतालाई अंगाली समाजमा सम दर्शिता, मैत्री करुणा, एवं समता ल्याउने धर्मलाई आफ्ना आफ्ना समाज अनुकूल प्रयोग गर्न सक्नेछ, उति चाँडै विश्वमा शान्ति हुने कुरा संदेह रहित छ । यो भुल्न हुँदैन, बुद्धधर्म व्यक्तिगत, सामाजिक तथा व्यावहारिक प्रयोगको लागि हो, टाउकोमा पंडित्याईंको भारी बोकी राख्नको लागि होइन ।

**३. बुद्धिवाद–**

संसारभर प्रचार प्रसार हुनुमा बुद्धधर्मको सबभन्दा ठूलो विशेषता हो- यसमा रहेको बुद्धिवाद वा युक्तिवाद । संसारका अन्य धर्महरूमा पनि केही मात्रामा बुद्धिवाद को प्रयोग नभएको होइन, तर भगवान बुद्धले बुद्धिवादलाई जति महत्व प्रदान गर्नु भयो, त्यति अरु कसैले गरेको छैन । धर्मको सम्बन्धमा कुनै अरु ग्रन्थ वा व्यक्तिलाई प्रमाण नमान्नु, कुनै कुरा आफ्नो बुद्धिको कसौटीमा कसेर ठीक लाग्छ भने मात्र स्वीकार गर्नु, नत्र फाली दिनु, यसरी प्रत्येक मनुष्यलाई आफूनै आफ्नो मालिक हो, भनी शिक्षा दिनु आफूनै आफनो पथ-प्रदर्शक भन्ने उपदेश बुद्धले दिनु भएको छ । "आफुनै आफ्नो मालिक हो, आफ्नो मालिक अरु को हुन सक्ला ? आफूलाई राम्ररी दमन गर्न सक्यो भने दुर्लभ स्वामित्व प्राप्त हुन्छ" *(धम्मपद, १६०)* "आफ्नो स्वामी आफैहो, आफ्नो गति आफै हो, त्यसैले व्यापारीले राम्रो घोडालाई तालीममा राखे भैं आफूलाई आफैले संयममा राख्नु पर्छ" *(धम्मपद, ३८०)* । वहाँले स्पष्ट संग भन्नु भएको छ **"अत्तदीपो भव अत्त शरणाः"** "आफ्नो दीपक आफै बन, आफ्नै शरणमा जाऊ" भनाइको तात्पर्य यो होकि सत्य केहो र जीवन के हो भनी छुट्याउने बुद्धि प्रत्येक व्यक्तिलाई प्रकृतिले नै दिएको हुन्छ, त्यस्को राम्रो सदुपयोग गरेमा प्रत्येक व्यक्ति बुद्धले जस्तै दुःख मुक्त भई अर्हत भई कल्याणकारी जीवन विताउन सक्छ । बुद्धले गुरुको महत्वलाई सीमित गरी शिष्यको महत्व र बुद्धिको सदुपयोगलाई प्रतिपादन गर्नुभएको छ ।

बुद्धधर्ममा निहीत बुद्धिवादको कारण आजभोली पनि बुद्धधर्म संसार भरी नै लोक प्रिय हुँदै गइरहेको छ । विशेषगरी यूरोप अमेरिकाका विद्वानहरूलाई आकर्षित गर्न बुद्धधर्म सफल भएको छ । सदाचार, अहिंसा, शील पालनको साथै आफ्नो बुद्धिको सदुपयोग गर्ने वैज्ञानिकता युक्त धर्मले कसलाई प्रभावित नगर्ला ?

**४. व्यावहारिकता**

बुद्धधर्म-एक महान धर्म बन्नुको एउटा प्रमुख कारण यस धर्मको व्यावहारिक पक्ष पनि हो । बुद्धले आफ्नो धर्मलाई मानिसहरूको चारित्रिक सुधारको लागि र उल्टिएको समझ (मिथ्या दृष्टि) लाई सुल्ट्याउन (सम्यक दृष्टिमा बदल्न) को लागि प्रयोग गरेका थिए ।

जनसाधारणमा लोभ (राग काम) द्वेष (क्रोध, इर्ष्या) र मोह (अज्ञान र अविद्या, सत्यकुरा थाहा नपाउनु) को कारण जुन् दुर्व्यवहार (अकुशल कर्म) चली रहन्छ, त्यसैको कारण भैरहेको दुःखलाई बुद्धले नाश गर्न आफ्नो धर्मलाई मानिसहरूको दैनिक जीवनमा प्रयोग गर्न उपदेश दिएका थिए, साथै अन्धविश्वास र पण्डित्याँई उलझनबाट टाढा राखी साधारण मानिसहरूलाई सम्यकदृष्टि दिलाउन प्रयोग गरेका थिए ।

संसारमा चली रहेका धेरैजसो धर्महरूका आफ्ना आफ्ना वादहरू र मतहरू हुन्छन् - जस्तै हिन्दूधर्ममा चारवर्ण छत्तिसजातको झमेला, ॐ लाई नै परमेश्वरको संकेत मानी आफ्नो सबकुछ परमेश्वरलाई समर्पण गरी संसारलाई मायाजाल सम्झनु पर्ने इत्यादि बाध्यता हुन्छन् भने अन्यधर्महरूमा पनि यस्तै तरह तरहका वाद र मतहरू हुन्छन् । तर बुद्धले आफ्नो धर्मलाई वाद रहित र मत रहित बनाई केवल जन साधारणको दैनिक व्यवहारमा सुधार ल्याउन प्रयोग गरे, साथै समाजमा प्रचलित मिथ्यादृष्टि हटाई सम्यक दृष्टि जगाउन प्रयत्न गरेका थिए ।

बुद्धधर्म जीवन ठीक संग जिउने एउटा व्यावहारिक कलाको रुपमा बुद्धले प्रयोग गरेका थिए । उनको मूल अनुशासन थियो- सवै प्रकारको अकुशल कर्म त्यागी कुशल कर्म सम्पादन गर्नु तथा चित्तलाई क्लेश (मल) रहित तुल्याई दुखबाट मुक्त हुनु ।

जहाँ निर वेकारको पण्डित्याँई झमेलामा फस्ने सवालहरू सामुन्नेमा आउँथ्यो जुनकि न सम्यक दृष्टिको लागि, न उत्तम जीवन जिउनको लागि, न दुखबाट टाढा रहनको लागि काम लाग्छ त्यहाँ बुद्ध मौन रहन चाहन्थे । यसको अर्थ ती प्रश्नहरू वारे बुद्धको आफ्नो विचारै थिएन भन्ने होइन, ती विचारहरू प्रकट गरेर वादविवादमा अल्झिनु कुनै फायदा जनक हुन्नथ्यो । त्यसबेला प्रचलित २८ प्रकारका मतहरूलाई बुद्धले मतहरूको कान्तार (जंगल) को संज्ञा दिँदै यसमा फसेर व्यर्थमा समय र शक्ति खर्च गर्नुबाट भिक्षुहरूलाई बचाउन चाहन्थे । स्वयं आफूले देशना गरेका धर्महरूलाई पनि उनि केवल भवसागरको दुखबाट पारहुन नौकाको रुपमा प्रयोग गर्ने खालको सम्झनु भिक्षुहरूलाई शिक्षा दिन्थे, न कि खोला तरेर पनि उपयोगी नौका भनी त्यसको भार टाउकोमा थोकी हिंड्नको लागि ।

यद्यपि बुद्धले आफ्नो समयमा प्रचलित वैदिक कालदेखि चली आएका केही स्वर्ग नरक विषयका, लोकहरू, भुवनहरू विषयका, पुनर्जन्म विषयका, अवधारणाहरूलाई ग्रहण गरेका थिए- तर उनको मूल शिक्षाको आधार नै दुख मुक्त सुखी जीवन यसै संसारमा जिउन रहेको छ । यसै कारण पनि उनको धर्म एक विशेष प्रकारको मत राख्ने व्यक्तिहरूमा सीमित रहन



Downloaded from http://www.dhamma.digital

नगई सार्व देशिक हुन पुगेको हो ।

तर अपशोचको कुरा के छ भने जुन् मतहरूको जंजालमा नफस्न बुद्धले आफना शिष्यहरूलाई चेतावनी दिएका थिए, बुद्ध पछिका केही बौद्ध पण्डितहरू पण्डित्याईं छाट्दै त्यसै जंजालमा फस्न पुगे । तत्काल आफ्नो धर्मलाई उँचा देखाई अर्काको धर्मको दाजोमा महान देखाउन ती वादहरूले सफलता प्राप्त भला गरुन्– अन्तत्वगत्वा ती वादका यानहरूको कारण जनमानसमा जुन् चारित्रिक र व्यवहारिक परिवर्तन ल्याई सम्यक दृष्टिमा प्रतिस्थापन गर्ने बुद्धको चाहना थियो त्यसैमा कुठाराघात हुन पुग्यो । बुद्धको सक्कली स्वरूप र बुद्धधर्मको वास्तविक मर्मबाट जनता टाढिँदै गए र बुद्धधर्म पण्डितहरूको चित्त विलासको रुपमा तथा जनताको लागि रहस्यमय, विस्मय कारी, र भय जनक शक्तिको रुपमा प्रतिस्थापन हुन पुग्यो । तर त्यस्तो भएतापनि आजपनि जुन् बुद्ध धर्मको वास्तविक स्वरूप बारे खोजीनीति गरी जनतालाई बोध गराउने काम बौद्ध जगतमा भैरहेको छ– त्यो सराहनीय छ । आशा गर्न सकिन्छ फेरि एक पटक आजको दुःख र अशान्तिले भरिएको, यस धरतीलाई बुद्धका शान्ति सन्देशहरूबाट शान्तिको पुनरूत्थान गर्न बल मिल्नेछ तथा जनमानसमा चारित्रिक सुधार ल्याई सम्यक दृष्टि फैलाउने बुद्धधर्म वादलबाट मुक्त चन्द्रमा जस्तै प्रकाशित हुनेछ ।

बुद्धधर्ममा यथार्थवाद र आदर्शवादको अनमोल मेल रहेको छ । बुद्धधर्मको मनोविज्ञान संसारमा अद्वितीय छ । अचेलको मनोविज्ञानले पनि अभिधर्ममा देशित चित्तको गहिराई सम्म पुग्न सकेको छैन । त्यस्तै बौद्ध न्याय पनि बडो महत्वपूर्ण छ र बौद्ध दर्शन आफैमा दर्शनका लागि अंगले पूर्ण, वैज्ञानिकताले भरिएको, व्यावहारिक, स्वतंत्र चिन्तन शैलीलाई जगाउने तथा संसारको अन्तिम सत्य निर्वाणसम्म लैजान समर्थवान छ । यदि संसारमा एकथोपा पनि रगत नचुहाई, दुःख, अशान्ति वाट पीडित मानव जातिलाई सुख शान्ति संमृद्धि, मैत्री, एकता, समता, समदर्शिताको सन्देश सर्वकालमा रहिरहने कुनै धर्म छ त बुद्ध धर्म नै छ । यसकारण आउनुहोस्, यस श्लोक द्वारा बुद्ध, धर्म र संघको वन्दना गरी सवैको मंगलकामना गरौं ।

**"सर्वदृष्टि प्रहाणाय यः सद्धर्म म देशयत् ।**<br>
**अनुकम्पामुपादाय तं नमस्सामि गौतमम् ॥**<br>
**अनित्य मखिलं दुःखम् नात्मेनि प्रवादिने ।**<br>
**नमो बुद्धाय धर्माय संघाय च नमोनमः ॥"**

"सबै प्रकारको मिथ्या दृष्टिलाई हटाउन जस्ले अनुकम्पा राखी सद्धर्मको देशना गर्नु भयो, उनी गौतम बुद्धलाई म नमस्कार गर्दछु । सवै संस्कारलाई अनित्य, दुःख तथा अनात्म प्रदर्शित गर्नुहुने बुद्धलाई त्यस्तै धर्मलाई तथा संघलाई पनि नमस्कार गर्दछु ।" ■

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**<br>
**उप्पज्जित्वा निरूज्झन्ति तेसं ऊपसमोसुखो**

*जन्मः*<br>
*वि.सं. १९९६/१०/१५*



*दिवंगतः*<br>
*वि.सं. २०६१/६/२५*

## दिवंगत गौतमि बुढामगर

यस संघका सल्लाहाकार सदस्य दिवंगत गौतमि वुढामगरको वार्षिक पुण्य तिथिको अवसरमा उहाँको आत्माको चिरशान्तिको साथै निर्वाणको कामना गर्दछौं ।

**म्याग्दी बौद्धसंघ परिवार**<br>
**बेनी, म्याग्दी**


*जीवन-कृति संश्लेषणात्मक समीक्षा:*

# "सुभद्र भन्ते मनको आँखीझ्यालबाट..."

## रचनात्मक लघु-दृष्टि


■ **कोण्डन्य**

बुद्ध विहार भृकुटीमण्डप


**"सुभद्र भन्ते मनको आँखीझ्यालबाट..."** शीर्षक यो पुस्तक नेपाली बौद्धजगत्मा मात्र नभई हिन्दूजगत् एवम् सुधार र परिवर्तनमुखी सामाजिक परिवेशमा महत्वपूर्ण तथा आदर्श सङ्कथन हो । भाषाका माध्यमबाट ज्ञान वा अनुभवलाई सँगालेर अरूलाई ब्युँझाउने अभिप्रायरूपी जीवनविमर्श यस पुस्तकभित्र सजावटका साथ समेटिएका छन् । उत्तरआधुनिक नेपाली साहित्यिक सन्दर्भमा भन्नुपर्दा विविध सङ्कथनअन्तर्गत धार्मिक, दार्शनिक, सामाजिक, मनोवैज्ञानिक, साहित्यिक, वैज्ञानिकमध्ये विश्व शाक्यको यस कृतिभित्र बढी धार्मिक सङ्कथनको अनुभूति हुनसक्छ तापनि सँगसँगै दार्शनिक, सामाजिक सङ्कथनरूपी सुगन्ध पनि छरिएको आभास मात्र होइन ठाउँठाउँमा साहित्यिक प्रयोगलाई सदुपयोग गरेको पनि पाउन सक्दछौं । समग्रमा यस कृतिभित्र यौटा स्मरणीय व्यक्तित्व, नितान्त धार्मिक भिक्षुको जीवनचर्यालाई आँखीझ्यालका विभिन्न प्वालहरूबाट नियालेर धार्मिकलगायत विविध विधामा प्रेरणात्मक सन्देश एवम् सामाजिक परिवर्तनका लागि सुसूचित गर्ने रचनात्मक प्रयासरूपी फूलका थुँगा चढाउने कार्य गर्न यो जीवनविमर्शपूर्ण कृति सफल देखिन्छ ।

यो यथार्थ हो – आजको संसार झन्झन् सानो हुँदै, साँघुरिँदै गएको छ र पनि ज्ञानको निरन्तर विस्फोट हुँदो छ । विज्ञानको प्रविधि नै संस्कृतिका रूपमा मौलाउने प्रवृत्ति निरन्तर र द्रुतगतिमा हावीका साथ जारी छ; यसैअन्तर्गत साइबर संस्कृतिको पनि व्यापक प्रभाव झ्याँगिदै छ भने यसै प्रभावका कारण भूमण्डलीकरण भई वर्तमान परिवेशमा यावत् विधाका मानिस एकैचोटि सार्विक र स्थानिक दुवै हुन पुगेका छन्, यो आजको वास्तविकता हो । सार्विक भएकाले आजका हर विधाका मानिसलाई अन्तर्राष्ट्रियसम्बन्धी नवीन ज्ञानको आवश्यकताको अनुभूत हुन्छ भने स्थानिक पनि भएकाले आफ्ना वरिपरि व्याप्त परिवेशसँग सम्बद्ध व्यक्ति र व्यक्तित्व, कृति र कृतित्व, विचार र भावना, वाद र सिद्धान्त, धर्म र दर्शन, समाज र सामाजिक अवस्था, संस्कृति र भेषभूषा, भाषा, रहनसहन आदि सबैको जानकारी पनि चाहिने हुन्छ । प्रस्तुत कृतिले सार्विक होइन स्थानिक तहमा जनचेतनाभित्र प्रवेश गरी पुरानो जडौरी शैली फाल्नाका लागि र त्यसका बुईबाट धर्म, समाज र राजनीतिको मालिक्याईं आफाल्नाका लागि समर्पित एवम् त्यागी व्यक्तित्वलाई आत्मसात् गर्नुपर्छ भन्ने उचित बाटो पनि सुझाएको छ ।

यथार्थ इतिहास जीवनको एउटा यस्तो कथा हो; कहानी हो जसभित्र जातीय र राष्ट्रिय हितसँग आबद्ध धर्म, संस्कृति, दर्शन, समाज, भाषा-साहित्य, राजनीति आदिको नालीबेलीपूर्ण आकारप्रकार समाहित भएका हुन्छन् भने यसले प्रगति र सुधारको संवाहकका रूपमा घचघच्याउने कार्य गरेको हुन्छ । बुद्ध-जन्मभूमि नेपाल अधिराज्यमा पोखरेली ब्राह्मण भिक्षु सुभद्रको जीवन पनि बुद्धधर्मसँग आबद्ध घटनाक्रमले पूर्ण छ । त्यसैले उनको जीवनी पनि आफ्नै प्रकार विशेषता अनि महत्वले भरिएको इतिहास नै हो । यसलाई सार्थकता दिन ऊर्जा आवश्यक हुन्छ, जसलाई विश्व शाक्यको यस कृतिले कार्यरूप प्रदान गर्न धेरै हदसम्म भूमिका निर्वाह गर्न सक्दछ भन्दा अत्युक्ति नहोला ।


*जन्मजात हिन्दू ब्राह्मण, चार-आश्रमधर्मलाई प्रयोगका क्रममा हिन्दूत्वबाटै अलगिगएर संन्यासाश्रमका बेला बुद्धशिक्षालाई प्राप्त गर्न प्रव्रर्जितभावमा प्रवेश गरी आधुनिक नेपालको पुनर्जागरित बुद्धशासनको इतिहासमा यौटा स्मरणीय भिक्षु सुभद्र, जसले ७५ वर्षको वृद्धावस्थामा प्रव्रज्यादीक्षा प्राप्त गरेका हुन् ।*


जन्मजात हिन्दू ब्राह्मण, चार-आश्रमधर्मलाई प्रयोगका क्रममा हिन्दूत्वबाटै अलगिगएर संन्यासाश्रमका बेला बुद्धशिक्षालाई प्राप्त गर्न प्रव्रर्जितभावमा प्रवेश गरी आधुनिक नेपालको पुनर्जागरित बुद्धशासनको इतिहासमा यौटा स्मरणीय भिक्षु सुभद्र, जसले ७५ वर्षको वृद्धावस्थामा प्रव्रज्यादीक्षा प्राप्त गरेका हुन् । सम्भवत: सुधारवादी एवम् प्रगतिशील विचारमा आबद्ध भएर नै होला उनले हिन्दूधर्मभित्र कैयौं कुराहरूमा सुधार र परिमार्जन एवम् संशोधनका अवस्था देखेका थिए, राजनीतिकरूपमा बिपिका भक्त भएर *"बिपिलाई मान्नेहरूले नै बिपिले भनेको मान्दैनन्..., कृष्णलाई मानेर कृष्णले भनेको नमानेजस्तै बिपिलाई मान्नेहरूले नै बिपिले भनेको नमान्दा आज देशको यो हबिगत भयो"* भन्ने गुनासो गर्ने उनी राजनीतिबाट वाक्क पनि भएका थिए । वृद्धावस्थामा पनि तरुणको जोसयुक्त ऊर्जा भिक्षु सुभद्रमा देखिँदै जानु नै उनी सामाजिक




Downloaded from http://www.dhamma.digital

र धार्मिक परिवर्तनका लागि आफूलाई साधनभन्दा पनि साध्य बनाउन सफल भएका हुन् । नब्बे वर्ष कटिसक्दा पनि उनी भिक्षाटनमा गएका दृश्यले उनमा भएको धर्म र समाजका खातिर परिवर्तनका लागि निरन्तर लगाउपूर्ण प्रयास र समर्पणभावलाई प्रस्टाउँदछ । बुद्धकै चेला भएर दुई दशकभन्दा बढी जीवन गुजारा गर्ने भिक्षु सुभद्रलाई सम्भवतः बुद्धका कैयौं अनुयायीहरू पनि रनभुल्लमै परिरहेका आभास हुँदो होला र त उनी *"बुद्धलाई सबैले मान्छन्; बुद्धले भनेको मान्दैनन्"* भन्न चुकेका छैनन् । *"लामखुट्टेले टोक्छन् त टोक्न दिनुहोस् । उनको पनि बाँच्ने आधार यही शरीर रहेछ, खाओस् न । हामी पनि कसैलाई खाइरहेकै छौं, उनले अलिकति हामीलाई खाए त के भयो र ?"* भिक्षु सुभद्रको भनाइ पनि मार्मिक छ नै ।

"धर्म के ही तो भन्दा यो पेट रहेछ । किन तो भन्दा प्राणीलाई खानैपर्ने बाध्यता रहेछ । नखाई कोही सुखी हुँदा रहेनछन् । खानकै लागि अनेकअनेक गर्नुपर्दो रहेछ । नखाइकन न धर्म बाँच्दो रहेछ न धर्म नै धारण हुँदो रहेछ । त्यही भएर मान्छेले पेटकै लागि अनेकथरी गर्दा रहेछन् । त्यसैले हाम्रा लागि पेट नै प्रबल भएको छ । यो पेट नै धर्म भएको छ ।" भिक्षु सुभद्रको यस कथनले **"सब्बेसत्ता आहरट्ठित्तिका"** (सबै प्राणी आहारमै आश्रित हुन्छन् ।) नै प्राणीजगत्का लागि पहिलो आधारभूत प्रश्न हो भने **"जिगच्छा परमा रोगा"** (भोक नै सबैभन्दा ठूलो रोग हो ।) भन्ने बुद्धवचन यतिबेला मेरा मानसपटलमा उर्लिरहेको छ । *"मलाई अहिलेसम्म होस छ । म होसमै बोलिरहेको छु । हुन त पहिलाजस्तो त के होला र फेरि पनि मैले होस हरा'को छैन । मैले के भन्न खोजेको तो भन्दा मानिसले आफूले जे कुरा जानेको छ, सिकेको छ, त्यो कुरा मरेर गएपछि आफैँसँग जाने रहेछ । आफैँले लिएर जाने रहेछ । वास्तवमा हेर्ने हो भने मैले जे कुरा जानेको छु, बुझेको छु, त्यो मसँगै जाँदो रहेछ । .... भन्न नसक्दा मनको कुरा मरेर गए'सी आफैँसँग समाप्त हुँदो रहेछ । त्यसको कुनै अर्थ नहुने रहेछ । हिजोबाट मलाई त्यस्तो लागिरहेको छ । मेरा मनमा धेरै कुराहरू छन् । अब ती कुराहरूको के काम ? म मरेपछि सबै मैसँग हराउँछन् ।"* किन हो कुन्नि यस वाक्यले भिक्षु सुभद्रको अन्तिमावस्थाको भझल्को दिएकोजस्तो लाग्यो मलाई ।

आठवटा हास्यव्यङ्ग्यका स्रष्टा, चारवटा बुद्धदर्शनसम्बन्धी कृतिका रचनाकार एवम् तीनवटा अनुवाद विधासमेत जनसमक्ष पस्किसक्नुभएका साहित्यिक एवम् धार्मिक कृतिकार विश्व शाक्यले यस जीवनविमर्श कृतिमार्फत् पनि बौद्धहरूलाई धर्म र आस्थाको परिवेशमा सन्तुलित रूपमा अगाडि बढ्न कहीं कतै घुमाउरो पासामा घोचपेच पनि गरेका छन्, व्यङ्ग्य गरेका छन् तर त्यो, मात्र रचनात्मक परिवर्तनका लागि हुन् । यसर्थ ती दृश्य समयानुकूल, समयसापेक्ष एवम् सान्दर्भिक नै लाग्दछ । *"सुभद्र भन्तेको यस अवस्थाको जानकारी छ तर पनि बेखबर छन् । सम्पर्कविहीन छन् । कारण उनीहरूलाई फुर्सद छैन । बौद्ध हुनुको यथार्थबाट धेरै टाढा कसरी उनीहरू आफूलाई बौद्ध मानिरहेका छन् ? यो प्रवृत्ति र प्रभाव मनमा दिक्कलाग्दो तर्कना बनेर बिझाइरहेको छ ।"* यस्तै भावना व्यक्त गर्ने क्रममा कृतिकार कहिले **"ज्ञान मर्दछ हाँसेर, रोई विज्ञान मर्दछ"** भन्ने बालकृष्ण समको भनाइ सम्झिने गर्दछन् भने कहिले *"मानिसको सफलता र असफलता उसको आफूभित्रको अहम्को सन्तुष्टिमा निर्भर रहन्छ । मानिस आफ्नै अहम्को समाप्ति उसको मृत्यु हो ।"* भन्ने मन्थनसँगै भिक्षु सुभद्रको बिरामीपनसँग दाँज्न पुग्छन् । *"म प्रतिको उहाँको अगाध स्नेहलाई देख्दा प्रायः लाग्ने गर्दछ मित्रताको हदबन्दी उमेरसँग नभएर भावनासँग हुँदो रहेछ । भावना तोडिँदा मित्रता मात्र होइन सामाजिक मर्यादा र मान्यतासमेत तोडिन बेर नलाग्ने रहेछ ।"* भन्ने कृतिकारको भावनाले भिक्षु सुभद्रको भावनात्मक निकटतालाई झल्काइरहेको अनुभव हुन्छ ।

जोसँग भावनात्मक निकटता छ, उसका बारे महत्वपूर्ण पक्षलाई जनसामु कृतिका माध्यमले पहिचान दिलाउन कृतिकार धेरै हदसम्म सफल नै देखिएका छन् । यद्यपि यस कृतिभित्र बढी पूर्वप्रकाशित कृतिलाई नै सँगालेर मालाझैं उनेकै किन नहोस् सुधार मुखी, परिवर्तनमुखी एवम् जीवनसँग प्रत्यक्ष सरोकार राख्ने विषयजन्य विषयवस्तु भएर पाठकलाई यो कृति पठनीय नै लाग्ने देखिन्छ । माछापुच्छ्रे बुद्ध विहार, घाचोकबाट प्रकाशित १०८ पृष्ठको यस कृतिभित्र १२ वटा भिन्नाभिन्नै शीर्षकीय रचनाहरू समेटिएका छन् भने २४ पृष्ठमा अट्नेगरी ५९ वटा फोटोग्राफीहरू "क्यामराको आँखीझ्यालबाट...." मा संकलित छन् । यसरी नै ३१ पृष्ठको पूर्व प्रकाशित पुस्तकलाई पुरानै तर प्रकारान्तरमा संकलित गरिएको छ ।

जहाँसम्म मेरो व्यक्तिगत सवाल छ, भिक्षु सुभद्रसित मेरो पनि भावनात्मक सम्बन्ध रहेको छ, म भर्खर एस.एल.सी. दिने स्विट सिक्स्टिनको त्यो दौरान, ४६ सालको जनआन्दोलनले चर्को उर्लंदोरूप धारण गरेको त्यो वातावरण, स्वयम्भूस्थित आनन्दकुटी विहारको एउटै कोठामा सँगै बस्ने गरेका थियौं । उनलाई म सधैं **"बाजे"** नै भन्थें, उनको अन्तिम जीवनयात्राको एकवर्षअगाडिसम्म पनि उनलाई स्पर्श गर्दा मलाई चिनिहाल्थे । संयोग यस्तै भयो, '४६ सालको जनआन्दोलनताकाको मेरो सम्पर्कमा देखिने, गत माघ १९ देखि नै सम्पर्कबाट छुटे । उनीसँग मेरो व्यक्तिगत सम्पर्कका बारे 'धर्मचक्षु' विशेषाङ्कका लागि १९ माघका दिन बिहान दाजु उत्तम बुद्धाचार्यलाई फ्याक्स गर्नु थियो तर सम्पूर्णरूपेण सञ्चारमाध्यममा खडेरी छाउनाले त्यसमा तुषारापात छाइदियो, त्यो लेखोट पेन्डिङ्मा पर्न गयो । त्यसपछि जापानको यात्रासँगै बैंककमा हुँदा नेपालन्युज डटकममार्फत् भिक्षु सुभद्रको निधनसम्बन्धी समाचार पढ्दा त्यो टन्टलापुर घाम, खलखली पसिना आउने, आलु उसिन्ने भाँडामा उसिनेसरी अवस्थामा पनि त्यस समाचारले मलाई चिसो बनाइदियो, सम्भवतः विगतका भावनात्मक सम्बन्धले पनि होला ।**"अनिच्चावत संखारा"** सम्पूर्ण संस्कारधर्म अनित्य, नाशवान् एवम् परिवर्तनशील छन् भन्ने कुरालाई मनमा मन्थन गरी उनको निर्वाणका लागि प्रार्थना पनि गरें ।

जे होस् आज उपासक दाजु विश्व शाक्यले रचनात्मक प्रयासबाट यो "सुभद्र भन्ते, मनको आँखीझ्यालबाट.." कृति जनसमक्ष आउनु पोखराका लागि मात्र होइन सम्पूर्ण नेपाली बौद्धजगत् एवम् नेपाली साहित्यिक विधाका लागि स्मरणीय प्रकाशन हो । म केही नभएर पनि यस कृति विषयमा केही लेख्ने अनुरोधलाई नकार्न पनि सकिनँ, आफूलाई लागेका केही भावना पोखें, यसका लागि कृतिकार तथा प्रकाशकलाई साधुवाद छ । बुद्धशासनिक एवम् अन्य विधामा निरन्तर छाउँदै जान सकोस् भन्ने शुभाशिषपूर्ण साधुवाद व्यक्त गर्दछु र साथै कृतिकारका सुस्वास्थ्य एवं धर्मवृद्धिको कामना पनि गर्दछु । त्यसरी नै रु. ६०/- मूल्य राखिएको आकर्षक आवरण सज्जापूर्ण यस पुस्तकको बिक्रीबाट संकलन हुने रकमलाई सदुपयोग गरी दिवंगत भिक्षु सुभद्रको संस्मरणमा घाचोकमा स्मृति चैत्य निर्माण गरिने जुन पुण्यमय अवधारणा बोकेको छ, यो सकारात्मक एवं रचनात्मक पक्ष हो, **इदं नो पुञ्ञं आसवक्खया ओहं होतु** भन्ने कामना गर्दछु । अस्तु ॥ **"चिरंतिट्ठतु सद्धम्मो"**

# धम्मपद-१८४

■ रीना तुलाधर
*'परियत्ति सद्धम्म कोविद'*

**अयसाव मलं समुट्ठितं**
**तदुट्ठाय तमेव खादति**
**एवं अति धोनचारिनं**
**सक कम्मानि नयन्ति दुग्गतिं**

***अर्थ–*** जसरी फलामबाट निस्केको खियाले फलामलाई नै नष्टगर्छ, उस्तै गरी केवल खानु लाउनुको तृष्णामा मात्रै भुलेर बस्नेलाई आफ्नै भित्रबाट उठेको तृष्णाले दुर्गतीतिर लान्छ ।

***घटना–*** उपरोक्त गाथा भगवान बुद्धले श्रावस्तीमा जेतवन विहारमा बस्नु. भएको बेला तिस्स भन्ने एक स्थविरको कारणमा बताउनु भएको थियो ।

श्रावस्तीमा बस्ने तिस्स नामक एक स्थविरले वर्षावास पुरा गरेपछि ८ हात लामो एउटा खस्रो कपडा दानमा प्राप्त गर्‍यो । उनी आफ्नो गृहस्थ घरमा गएर त्यो 'कपडा लिईराख्नु' भनेर आफ्नो दिदीलाई दिएर आयो । उनकी दिदीले त्यो खस्रो कपडा देखेर त्यो कपडा मेरो भाईले लाउन सुहाउँदैन ।" भनीकन त्यो कपडालाई टुक्रा टुक्रा काटी, कुटेर धुलो पार्‍यो, सफा गर्‍यो अनि फेरि पातलो मसिनो गरीकन बुन्यो । त्यस्तो गर्दाखेरि त्यो ८ हातको कपडा ९ हात लामो राम्रो मसिनो भएर तयार भयो ।

एकदिन त्यो कपडाको चीवर सिलाउनु पर्‍यो भनीकन तिस्स आफ्नो कपडा लिन दिदीकहाँ गए । त्यहाँबाट मसिनो, पातलो गरीकन पुन: बुनिइसकेको कपडा लिएर आई राम्ररी सिउन जान्ने श्रामणेरहरूलाई सिलाउन दियो । चीवर राम्ररी तयार भएपछि भोलि देखि यो चीवर लाउँला भनी एक ठाउँमा राखेर सुते । त्यही राती खाएको नपचेको कारण पेट दुखेर तिस्स स्थविरको मृत्यु भयो । चीवरको तृष्णा नमेट्दै मृत्यु भएकोले उनी त्यही चीवरमा एउटा जुम्रा भएर उत्पन्न भयो ।

तिस्स स्थविरको मृत्यु पछि उनको दाह संस्कार गरियो । तिस्स स्थविरलाई बिरामी पर्दा सेवा गर्ने कोही भिक्षु थिएन । अत: नियम अनुसार तिस्सको चीवर भिक्षु संघमा जान्छ । "हामी आ-आफ्नो बिच यो चीवर बाँडेर लेऔं" भनीकन भिक्षुहरूले चीवर बाँड्न लागे । त्यतिबेला त्यो जुम्रा "मेरो सम्पत्ति यिनीहरूले लुट्न लाग्यो" भन्दै चीवरमा यताउती डौदीराख्यो ।

भगवान बुद्धले दिव्य श्रोतबाट जुम्राको आवाज सुन्नु भयो । अनि भगवान् बुद्धले "यो चीवर सात दिनसम्मको" लागि भिक्षु संघले बाँडेर नलिनु है" भनेर आज्ञा हुनुभयो । सात दिन पश्चात जुम्रा मरेर तिनी तुषित देवभुवनमा उत्पन्न भयो । आठौं दिनमा भगवान् बुद्धले भिक्षुहरूलाई "अब तिस्स स्थविरको चीवर आपसमा बाँडेर लिए पनि भयो" भनीकन आज्ञा हुनुभयो । भिक्षुहरूले त्यस्तै गरे ।

"भगवान बुद्धले किन सात दिनसम्म तिस्सको चीवर बाँडेर नलिनु भन्नु भएको होला" भनीकन भिक्षुहरूको बिचमा चर्चा भयो । यो सुनी भगवान बुद्धले "तिस्स स्थविर चीवरको तृष्णाले जुम्रा भएर उत्पन्न भएको र यदि सात दिन भित्रमै चीवर बाँडिदिएको खण्डमा भिक्षुहरूसित द्वेष भाव राखी उनी अपाय दुर्गतीमा उत्पन्न हुन सक्ने बताउनु भयो । साथै भगवान बुद्धले उनी अब तुषित देवभूमिमा उत्पन्न भईसकेको कुरा पनि बताउनु भयो । यसरी तिस्स स्थविरको बारेमा सबै कुरा बताउनु भएपछि भगवान बुद्धले पुन: भन्नुभयो– "साँच्चैपनि तृष्णा भनेको अत्यन्त भयानक छ । फलामबाट निस्केका खियाले फलामलाई नै नष्ट गर्न सक्छ । उस्तै गरी संसारमा बस्ने सत्व प्राणीको मनमै उब्जेको तृष्णाले सत्व प्राणीलाई अपाय दुर्गतीमा लग्न सक्छ, तिनीहरूको विनाश गर्न सक्छ ।"

यसरी तृष्णाको भयानक रुप देखाएर धर्म देशना गर्दै भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो । ■

*[Note : यो कथा धम्मपदट्ठकथामा उल्लेख भएको अनुसार प्रस्तुत गरिएको हो - सं.]*

**श्रामणेर एवं ऋषिनी प्रव्रज्या कार्यक्रम सञ्चालन बारे**

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले बर्षेनी आयोजना गर्दै आएको अल्पकालिन श्रामणेर एवं ऋषिनी प्रव्रज्या [illegible] यस वर्ष मिति २०६२ पौष १६ गते, शनिवार देखि २०६२ पौष २२ गते, शुक्रवारसम्म गौतमी विहार लुम्बिनीमा सञ्चालन [illegible] सूचना दिन पाउँदा खुशी लागेको छ । उक्त कार्यक्रममा भाग लिन इच्छुक महानुभावहरूले पौष ८ गतेसम्म [illegible] अनुरोध गरिएको छ । चाहनुहुने धर्मावलम्बीहरूलाई हार्दिक स्वागत गरिएको छ ।

सम्पर्क व्यक्ति– [illegible] गुरुमा, फोन: [illegible]

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, धर्मकीर्ति विहार, [illegible]



Downloaded from http://www.dhamma.digital

# योगाभ्यास विधि - १३

रेकी, योगा शिक्षक एवं प्रा.चि. **डा. गोपाल प्रधान**
*रेकी वैकल्पिक उपचार केन्द्र, भोटाहिटी, काठमाडौं*

**नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।**
**बुद्धं सरणं गच्छामि । धम्मं सरणं गच्छामी । संघम सरणं गच्छामी**

आदरणिय पाठक वर्ग
हार्दिक अभिवादन

विगतका अङ्कहरूमा हामीले पेट सम्बन्धी रोगहरूका लागि केहि महत्वपूर्ण आसनहरू बारे तपाईंहरूलाई जानकारी गराइ सकेका छौं र आसनहरू गरे पश्चात् अनिवार्य रूपमा गर्नु पर्ने शवासन र पेट सम्बन्धी रोगका लागि प्राणायामका वारे यस अङ्कमा जानकारी गराउन लागेका छौं ।

**शवासन :**

(क) ढाडको बलले उतानो परेर भूमिमा सुत्ने । दुवै खुट्टालाई लगभग एक फुटदेखि दुई फुटसम्मका अन्तर मा राख्ने र दुवै हातका हत्केला उत्तानो पारेर शरीर को दायाँ वायाँ शरीर भन्दा केहि टाढा राख्नु होस् । *(चित्रमा देखाए जस्तै)*



(ख) मनलाई एकतृत गर्नु होस् । विचारलाई शुन्यतामा लैजानु होस् र सारा ध्यानलाई शरीरको माथिल्लो भागसम्म लैजानु होस् ।

(ग) मनलाई एकतृत गर्न नसकेमा केहि क्षण लामो स्वास लिने, लामो स्वास छोड्ने गर्नुहोस् ।

**लाभहरू :**

योगासन गर्नेहरूले अनिवार्य गर्नुपर्ने शवासनका धेरै फाइदाहरू छन् ।

**जस्तै :** शरीरका सवै मांशपेसी, नशा तथा शरीरका अंग प्रत्यंगलाई शक्तिप्रदान गर्दछ । शारीरिक कमजोरीपना हटाउँदछ । अनिन्द्रा, उच्च, निम्न रक्तचाप नियन्त्रण गर्दछ । मुटुको कार्य प्रणालिलाई शक्ति प्रदान गर्दछ । मानसिक रोग निर्मुल गर्दछ साथै नकारात्मक सोच आदि हटाउँछ । नियमित योग, ध्यान, व्यायाम पश्चात् १५/२० मिनेट शवासन गर्नु शरीरको लागि अति लाभदायक छ ।

**अग्निसार प्राणायाम :**



पेट सम्बन्धी रोगहरूका लागि अग्निसार प्राणायाम एक महत्वपूर्ण प्राणायाम हो ।

**अग्निसार प्राणायाम गर्ने विधि :**

सर्वप्रथम पद्ममासन, सिद्धासन वा सुखासन आदि कुनै पनि आसनमा वस्नु होस् । दुवै हात ज्ञान मुद्रामा राखि लामो स्वास भित्र तान्नु होस् ।

अव स्वासलाई विस्तारै वाहिर छोडेर पेट छातिलाई भित्र वाहिर चलाउनु होस् ।

अव स्वासलाई वाहिर छोडेर एक क्षण स्वासलाई रोकि शान्त वस्नु होस् ।

यो अभ्यास दैनिक तिन चार पटक गर्न सकिन्छ ।

**फाइदाहरू :**

पेट सम्बन्धी रोगहरूलाई निर्मुल एवं नियन्त्रण गर्दछ ।

**नोट :** अग्निसार प्राणायम गर्न अगाव एक पटक योगाचार्य संग सम्पर्क गरी गर्न हुन अनुरोध गर्दछौं । साथै उच्चरक्तचापका रोगी र हृदय रोग सम्बन्धीका रोगीले अग्निसार प्राणायाम नगर्न हुन अनुरोध गर्दछौं ।

**धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू**
क्र.सं. ४६७
**भाग्य शोभा तुलाधर**
भाताहिटी, काठमाडौं
रु. १००५।-

**सूचना**
[illegible]
हुन अनुरोध गरिन्छ, साथै फोटो पनि पठाउन होला । —प्रधान सम्पादक



Downloaded from http://www.dhamma.digital

# ममतामयी आमा धम्मवती गुरूमां - २

■ प्रेम लक्ष्मी तुलाधर

यिनै गुणहरूको साथै सानो बेला देखि उच्च बौद्धिक क्षमता भएको हुनाले केटीलाई पढ्न नदिने समाजलाई चुनौति दिएर केटीहरूको निम्ति उदाहरण भएर देखाउनु नै उहाँको ठूलो योगदान हो ।

त्यस्तै उहाँको अर्को ठूलो योगदान भनेको बौद्ध धर्म अध्ययन गरेर मिथ्यादृष्टिमा परेका सबै नेपालीहरूलाई बुद्धको ज्ञानद्वारा राम्रो बाटोमा लगेर धर्मको माध्यमले उद्धार गर्ने ।

महिलाहरूले पढ्नुको सट्टा घरको काम मात्र गरे पुग्छ वा सिके पुग्छ भन्ने निरंकुस भाव भएको समाजलाई उहाँले चुनौति दिनु भयो । त्यस्तो समाजलाई पन्छाएर नारीहरूको कसरी उद्धार गर्ने भन्ने मैत्रीभाव चित्त भएको नै उहाँको सबभन्दा उच्च गुण हो ।

संसारमा नेपाललाई चिनाउन सगरमाथाले ठूलो भूमिका खेले जस्तै बुद्ध शासनलाई नेपालीहरू माझ चिनाउन पूज्य धम्मवती गुरूमांले ठूलो भूमिका खेल्नु भएको छ ।

यसरी आफ्नो जीवन बुद्ध धर्ममा समर्पित गरेर निस्वार्थ भाव बोकेर १४ वर्ष सम्म बर्मामा अध्ययन पुरा गरेर पछि २०२० सालमा पूज्य दोगुणवती गुरुमां (बर्मी गुरुमां) संग नेपालमा बुद्ध धर्म प्रचार गर्न फर्कनु भयो ।

४२ वर्ष अगाडि रूढीवादी अन्धविश्वासी परम्परा बसेका नेपालीहरूलाई बुद्ध धर्म के हो थाहा नपाउनेलाई बुद्ध धर्म सिकाउने अभियानलाई सफल पार्न पूज्य दोगुणवती गुरूमां, पूज्य धम्मवती गुरुमांसंग आउनु भएको थियो ।

धम्मवती गुरूमांले मैत्री, करूणा, सहनशिलता गुण भएकी पूज्य दोगुणवती गुरूमांलाई धर्म प्रचार गर्न मलाई साथ दिनुस् भनेर संधै अनुरोध गर्नु हुन्थ्यो । त्यहि अनुरोधको आधारमा नेपाल आउनु भई बुद्ध शिक्षाको परिचयसम्म पनि राम्ररी थाहा नपाएका त्यतिबेलाका नेपालीहरूलाई उहाँले बुद्ध शिक्षालाई मुखले प्रचार गर्नु भन्दा आफ्नो राम्रो बानी व्यवहारले धर्म प्रचार गरी सबैको मन जित्न सफल हुनुभयो ।

धेरै कथिनाई सहेर ३५ वर्ष सम्म निरन्तर नेपालमा बस्नु भई धर्म प्रचारमा लाग्नु भई धेरै उपासक उपासिकाहरूको मनमा आमाको स्थान ओगट्न सफल हुनु भएकी दोगुणवती गुरूमां सबैको प्रिय गुरूमां बन्नु भएको छ । उहाँ हरेक शिल्पविद्यामा पनि पारंगत हुनुहुन्छ ।

त्यति बेला भिक्षुणीहरू बस्नको लागि विहार थिएन । आफ्नै घरमा बसेर धर्म प्रचार गर्नु हुन्थ्यो । गणमहाविहारमा बसेर साना ठूला सबैलाई बुद्ध धर्म विषय अध्ययन गराउनु हुन्थ्यो ।

हरेक घरघरमा, टोलटोलमा गएर बुद्ध धर्म भनेको के हो बुझाउन २०२० साल देखि शुरू गर्नु भएको धर्म प्रचार अहिले सम्म निरन्तरता अगाडी बढी रहेको छ र संधै बढिरहोस् भनेर कामना गर्दछु ।

पूज्य धम्मवती गुरूमांले धर्म देशना गर्दा सबैले बुझ्ने गरि, रमाइलोपनामा, नरम बोली, मनमा छुने गरि र म्ररी धर्म देशना गर्नुहुन्थ्यो । त्यहि प्रभावले उहाँको धर्म देशना सुन्ने मान्छेहरूको घुंइचो यति बढ्यो कि ठाउँ नपुग हुन थाल्यो । बस्ने ठाउँ खोज्दा गुरूमांको पूण्यको प्रभावले सिघ: स्थित रत्न वहादुरको घर गुरूमांको आमाबुबाले किनिदिनु भयो ।

त्यहिं घरलाई दाताहरूको सहयोग, उपासक, उपासिकाको सहयोग, आमाबुबाको सहयोगबाट एउटा विहार बन्यो ।

त्यस विहारको नाम धम्मवती गुरूमाबाट धर्म पृचार हुने भएकोले एकजना उपासिका हेरालानी ताम्राकारको बिचार अनुसार "धर्मकीर्ति विहार" नामाकरण गरियो ।

वि.सं. २०२२ साल बैशाख २२ गते, शनिबारका दिन धर्मकीर्ति विहारको उद्घाटन भयो ।

धम्मवती गुरूमांको पूण्य र धर्मदेशनाको प्रभाव, रत्नमञ्जरी गुरूमांको ध्यानको प्रभाव र दोगुणवती गुरुमांको शिल्प विद्या सिकाउने गुणको प्रभावबाट धर्मकीर्ति विहार नेपालको विहारहरू मध्ये भिक्षुणीहरू बस्नु हुने विहारको रूपमा प्रभावशाली भएर अगाडि बढेको छ । यो प्रगतिको श्रेय पूज्य धम्मवती गुरूमां मै जान्छ । उहाँको बौद्धिकताको कारणले नै सफल भएको हो ।

उहाँ गुरूमांहरूको बौद्धिकताको कारणले नै धर्मकीर्ति विहार बन्यो । त्यसैले धर्मकीर्ति विहारलाई हृदय देखि वन्दना गर्दछु । *क्रमश:*



Downloaded from http://www.dhamma.digital

# शोक सभा सम्पन्न

*प्रस्तुती रीना तुलाधर*

बु.सं. २५४९, ने.सं. ११२६ (वि.सं. २०६२ मंसिर ४, शनिबारका दिन धर्मकीर्ति विहारको धम्म हलमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा यस गोष्ठीका सदस्य प्रकाश वज्राचार्य दिवंगत हुनु भएकोले उहाँको पुण्य स्मृतिमा श्रद्धाञ्जली सभा सम्पन्न भयो ।

यस गोष्ठीका पुरानो सदस्य, थुप्रै कृतिका लेखक, पत्रिका सम्पादक, नाटककारका साथै कलाकार बौद्ध विद्वान एवं कम्प्यूटर क्षेत्रका विज्ञ प्रकाश वज्राचार्यको देहावसानले बौद्ध क्षेत्र, नेपाल भाषा साहित्य तथा कम्प्यूटर क्षेत्रमा ठूलो क्षति पुग्न गएको विचार उक्त सभामा व्यक्त गरिएको थियो ।

अध्ययन गोष्ठीका धम्मानुसासक भिक्षु अश्वघोष, अध्यक्ष धम्मवतीको उपस्थितिमा सम्पन्न भएको उक्त शोक सभा गोष्ठीका वर्तमान सचिव रमा कंसाकारको सम्वेदनशील स्वागत मन्तव्यबाट शुरु भयो । सभामा गोष्ठीका सदस्य लोचन तारा तुलाधरबाट प्रकाश वज्राचार्यको संक्षिप्त जीवनी तथा उहाँको विविध क्षेत्रको क्रियाकलाप, उहाँको बहु प्रतिभा विषयमा प्रकाश पार्नु भयो । दिवंगत प्रकाशका दाज्यू चिनीयामान वज्राचार्यले प्रकाशको पारिवारिक जीवनको केही कुरो अति संवेदनशील हुनुभई प्रस्तुत गर्नुभयो । अध्ययन गोष्ठीका अर्का सदस्य सोभियत रत्न तुलाधरबाट धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीप्रति प्रकाश वज्राचार्यको योगदानको बारे चर्चा गर्नुभयो । सभामा भिक्षु अश्वघोष तथा भिक्षुणी धम्मवतीबाट अनित्यता बोधको धर्मदेशना सँगै प्रकाश वज्राचार्यको गुणानुस्मरण गर्दै उनका परिवारले धैर्य धारण गर्न सकुन् भन्ने आशिका गर्नु भयो ।

उक्त शोक सभामा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको तर्फबाट प्रकाश वज्राचार्यका परिवारलाई शोक-पत्र प्रदान गरिएको थियो । गोष्ठीका धम्मानुसासक भिक्षु अश्वघोषबाट दिवंगत प्रकाशकी मातालाई उक्त शोक-पत्र प्रदान गर्नुभएको थियो । दिवंगतका परिवारलाई पनि निमन्त्रणा गरिएको उक्त शोक सभामा परिवारका सदस्यहरूका साथै अन्य सहभागीहरूबाट पनि अनित्य बोधको प्रतीक फूलको माला र गुच्छा चढाई श्रद्धाञ्जली अर्पण गरिएको थियो । शोक विह्वल हुनुभई कार्यक्रम संचालन गर्नुहुने रीमा तुलाधरले पनि सेवा भावले सम्पन्न हुनु भएका प्रकाशको व्यक्तित्वमाथि प्रकाश पार्नुभएको थियो । अन्तमा दिवंगतको पूण्य स्मृतिमा पुण्यानुमोदना गर्दै शोक सभा समापन गरियो । ■

## बनेपा बाल आश्रमलाई सहयोग

*मैत्री केन्द्र बालआश्रम ध्यानकुटीलाई आर्थिक सहयोग दिनु भई पुण्य संचय गर्नुहुने दाताहरूको नामावली :*

| | दाताहरूको नाम | सहयोग विवरण | |
|---|---|---|---|
| १. | लुम्बिनी शान्ति पद यात्रु | रु. | २०००/- |
| २. | कृष्णदेवी मानन्धर, नयाँबजार, कान्तिपुर | रु. | १०००/- |
| ३. | माधव नकर्मि, वकुबहाल ल.पु. | रु. | १०००/- |
| ४. | मोतिलाल शिल्पकार, जावलाखेल | रु. | ५००/- |
| ५. | गौरीशंकर मानन्धर, बनेपा | रु. | ५००/- |
| ६. | रत्नदेवी मानन्धर, चसान | रु. | १५०/- |
| ७. | बसन्त केशरी शाक्य, बनेपा | रु. | १००/- |
| ८. | स्व. पुत्रको स्मृतिमा तीर्थ देव मानन्धर | रु. | ४००/- |
| ९. | भिक्षु पञ्ञालोक | रु. | २५००/- |
| १०. | दुर्गादास रञ्जित जन्मदिनको उपलक्ष्यमा | रु. | १२००/- |
| ११. | दान नारायण पोटे | रु. | १०५।- |
| १२. | लक्ष्मी मानन्धर | रु. | १००/- |
| १३. | कुलबहादुर गाउत | रु. | १०१।- |
| १४. | नेक्खमी गुरुमां | रु. | १०५।- |
| १५. | मंगल लक्ष्मी तुलाधर | रु. | ६०५।- |
| १६. | गणेशममान श्रेष्ठ | रु. | १०५।- |
| १७. | विश्वशान्ति मेत्तल बनेपा-६ | रु. | १०१।- |
| १९. | चुन्थी माया मानन्धर | रु. | १०१।- |
| १९. | भिक्षु मित्र | रु. | १२०/- |
| २०. | शाक्य सिंह | रु. | १००/- |
| २१. | विजीता ल.पु. | रु. | १००/- |
| २२. | भिक्षु मिलिन्द | रु. | ११११।- |
| २३. | भिक्षु पि. प्रज्ञारत्न | रु. | ३५०/- |
| २४. | रामदेवी सिंह | रु. | ५०१।- |
| २५. | भिक्षु पमित्त | रु. | ३००/- |
| २६. | भिक्षु सुजनकीर्ति | रु. | ४१८।- |
| २७. | भिक्षु विनित | रु. | ३००/- |
| २८. | लतनारायण, टंगाल | रु. | ५००/- |
| २९. | चम्पा महर्जन | रु. | १००/- |
| ३०. | पूर्णलक्ष्मी तुलाधर | रु. | ३००/- |
| ३१. | भक्त मानन्धर, बनेपा | रु. | ४००/- |
| ३२. | रु. १०० भन्दा कम मात्रामा प्राप्त भई संकलित रकम | रु. | ८५७।- |
| ३३. | रसिद विना प्राप्त रकम | रु. | १२६१।- |

# मनूतयेगु पहः - ७

■ धम्मवती गुरुमां
*शासनधज धम्माचरिय, अग्गमहा गन्थवाचक पण्डित*

**मनुष्ययोनि**

मनू जुया जन्म कया वोपिंके छुं भतिचा दयामाया दुगु पहः खने दै। धार्मिक पहः दै। थः जक कतिलाके धयागु पहः कम जुइ। बेला बखते प्याखं सोया च्वंसां, बांलाका च्वंसां, मोज याना जूसां बेला बखते परउपकारया धर्मकर्म यायगुली मन बिया च्वने फै। धार्मिक जीवन हना च्वनेमाः धाःगु हे दुःखं मुक्त जुइत खः। मनुष्ययोनिं मनुष्य गती वने फय्केत खः धयागु सीके माः। धर्मया नियम हे मनूयात मनू यायगु बुद्धया शिक्षा खः। नामं जक बौद्ध जुयत मखु।

मनू जुया च्वंसां मनू तय्के धर्मचित्त उस्त उत्पन्न मजू। साप लिमला। मोज याय्गुली जक मन ब्वाँय् वं। उकिं मनू तयत धर्म पाखे साला काय् माला थौं अष्टमी, थौं पुन्ही, थौं औंसी आदी पर्व दयका धर्म याय्गु दिं दयका तःगु। बाकि दिने कमाय् याय्गु पञ्चकाम सुखे भुले जुइगु धका दिं व समय थी थी छुटे याना तल। उकिं मनू जुयाथें धर्म कर्म व पह चह बांलाका वोपिं मनू जुया जन्म काइबले मोजमज्जाय् भुले जूसां उकी हे आसक्त जुया चाकुइ भुजिं प्यपुनेथें भुले जुया च्वनी मखु। धार्मिक जीवन कथं म्वाना च्वनी। पहलं व चरित्रं हे धर्मात्मा जुया च्वनी।

थ्व खँ थुइका बीत हानं जिपिं बर्माय् च्वं च्वना बले जूगु घटना छगू न्ह्यथनेगु बांलाइ ताया।

जिपिं बर्माय् आखः ब्वना च्वनावले छगू विहारे हे (भिक्षुणी) गुरुमाँपिं सलंसः दु। इपिं मध्ये छम्ह गुरुमाँ पासा दु। वं जिमिसंथें आखः ब्वने मफु। तर वया मन धाःसा साप बांलाः। आखः ब्वनेत खर्च मगाःपिन्त दाता माला ब्यू जुइ। थुकथं फुफुथें कर्पिन्त गुहालि बीगु वया बानि जुया च्वन। अले वं थःगु न्हापाया जन्मे जि छम्ह ध्यबा दुम्ह साहुया याक काय् तर जि छैं मच्वंसे भिक्षु जुया च्वना। अबले जि भिक्षु जुया च्वंसा नं ध्यबा दुम्ह साहुया याकः काय् धयागु घमण्डं आख ब्वनेगु, धर्मया खँ सय्केगु सीकेगु पाखे ध्यान मबिया। विपस्सना ध्यान भावना नं मयासे अथें न्हिछ्याना च्वना। उकिं जि न्ह्याक्व मेहनत यासां छिमिसंथें सय्के सीके मफु छुयाय् धका जिमित खँ कना च्वनीगु। उकिं सय्के सीके धयागु सी तेका नं याय् माः। थुगु जन्मे सय्का सीका वने फुसा लिपा लिपाया जन्मे तकं संस्कार बने जुया च्वनी। याकनं आख ब्वना सय्के सीके फुम्ह जुइ। थुकिं सी दु मनुष्य लोकं मनूया योनिस जन्म कावोपिंके दया माया दै। करपिनि मभिं जुइगु स्वया च्वने मफु।

**देवयोनि**

देवलोकं वोपिंके मनुष्य लोकयागु पञ्च काम सुखे, मोजमज्जा यायगुली न्ह्याइपु ताइ मखु। कारण छाय् धाःसा मनुष्यलोके यागु रूप, शब्द, गन्ध, रस व स्पर्श आदि पञ्च काम सुख देवलोक यागु पञ्चकाम सुख सोया नं तस्सकं हीनगु सुख खः। उकिं देवलोकं जन्म कावोम्ह मनू मनुष्यलोक यागु पञ्चकाम सुखे भुले जुया च्वनी मखु। मेकथं धाय् माल धाःसा मोजमज्जाय् मन प्यपुना च्वनी मखु। केवल कर्तब्य जक पालन याना च्वनी। मनं खना धर्मकर्म यायगुली न्ह्याइपुताया धर्मात्मा जुया च्वनेगु पहदै। अले व मनू देवलोकेतुं लिहाँ वनी। उकिं सत्संगत धयागु नं भिनेमाः। मखुगु सत्संगतद्वारा भिंगु पह जोनावोम्ह नं मभिने फु। मभिंगु गतिं मभिंगु पह जोना वोम्ह नं भिंपिं संगतद्वारा भिने फु। उकिं हे भगवान् बुद्धं धैबिज्यागु न्ह्याइपुक म्वाना च्वने योसा मभिंपिं मनूत नाप भुले जुइ मज्यू। बुद्धिदुपिं भिंपिनिगु संगत याय्मा धका नं धया बिज्यागु दु। थ्व खँ थुइके बीया लागी उदाहरण कथं हाकनं बाखँ छपु न्ह्यथने।

न्हापाः न्हापा माला भारि धयाम्ह देवपुत्र छम्ह दु। वयात चाकरी याइपिं अथवा सेवा यायिपिं अप्सरात आपालं दु। छन्हु आपालं अप्सरापिं सहित मुख्यम्ह महारानी अप्सरानं ब्वना बगैंचाय् वना रसरंग याः वन। अबले व देवपुत्र मेपिं अप्सरात नाप जक भुले जुया च्वयाः याना जुल। थःम्ह अग्रम्ह देवीयात वास्ता हे मयागुलिं वया तस्सकं तं पिहां वल। देवलोक यागु शरीर तस्सकं सूक्ष्मगु जुया निंनिं तं पिकाय् मज्यू। तं धयागु नुगले दुने मिच्याइगु जुया च्वन। उकिं देवता पिनि तं पिहांवल कि सीयो। अले व माला भारीया मुख्यम्ह देवीया नं तसकं तं पिहाँ वया अनं सिना मनुष्य लोके जन्म का वल। तर अन देवलोके भिंभिंगु तसकं बांबां लागु पञ्चकाम सुख भोग याना वोगु बानिं याना थन मनुष्य लोकयागु पञ्चकाम सुखे वया मन मवं बा भुले मजू। केवल कर्तब्य भापा हे जक छम्ह मिजं नाप विवाह जुल। मचा स्वम्ह नं दत। हानं थ्व पुण्यकर्म याना हानं वहे देवलोकयाम्ह देवपुत्रया अग्रम्ह देवी जुया न्हापायागु थासेतुं जन्म काः वन। क्रमशः



Downloaded from http://www.dhamma.digital

*बौद्ध योगीया पौ-४*

# कर्मस्थान-ग्रहण

भाय् ह्यूम्ह- ब.आ.राजा

प्रिय जिज्ञासु,

जिगु पौया निंतिं छं ता:ई तक पी माल । जि चा:हिलेगु ज्वलय् गुंइ दुने ला:वन गुगु थासं पौ छ्वया हयेगु सम्भवहे मदु । अथेला जिके उगु इलय् च्वसा व भ्वं नं मदु । यदि गुगुंनं कथं पौ हे च्वल धा:सानं छ्वया हयेगु गुकथं ? तर आ: जनपदय् वये धुनागु दु । छगू थासय् च्वना: बर्षावास च्वं च्वनागु दु । स्वला तक थ्वहे थासय् च्वने मा:गु दु । वयां लिपाला "करतर भिक्षा तरुतर बास" ल्हा:तलय् व:गु भिक्षा सिमाक्वय् बास ।

छं स्वंगूगु पतिइ समाधिया बारे न्यनाह:गु ख: । "समाधि" - कुशल चित्तया एकाग्रताया नां ख: । छगू आलम्बनय्, चित्त व चेतसिकयात उखेथुखे मछ्वसे लगय् याना तयेगु थुकिया म्हसीका ख: ।

समाधि यक्व कथंया दु । जिं थन न्हापां लौकिक समाधिया बारे च्वये । लिपा "प्रज्ञाया भावना" नापं लोकोत्तर समाधिया बारे च्वये ।

गुम्ह साधकं लौकिक समाधिया भावना यायेगु इच्छा याइ वं दक्कय् न्हापां थ:गु शील पालन यायेगुलिइ ध्यान बी मा: । परिशुद्ध शील पालन जुइ धुंका: तिनि चित्त एकाग्र जुइ । यदि शील परिशुद्ध मजुल धा:सा एकान्तय् च्वनेगु इलय् चित्त एकाग्र जुइमखु । अनेकथं मनय् ग्या: चिकु दयाच्वनी । आसनं दनावने मालीगु तक स्थिति वयेय: । दिमाग थासय् मलाइगु तकं जुइय: । उकें शीलय् बांलाक प्रतिस्थित जुइ धुंका: थ्व भिगू बिघ्नं मुक्त जुइमा: । यदि थुपिं मध्यय् छगू जक बिघ्न वयाच्वन धा:सानं समाधि भावनाय् अनेकथंया पंग:त वयाच्वनी । व भिगू बिघ्नत ख: :-

**आवासो च कुलं लाभो, गणो कम्मञ्च पञ्चमं ।**
**अद्धानं ञाति आवाधो, गन्थो इद्धीति ते दस ॥**

अर्थ- आवास (च्वनेगु थाय्) कुल, लाभ, गण व ज्या थ्व न्यागू व मार्ग, ज्ञाति (थ:तिथि) ल्वय्, ग्रन्थ व ऋद्धि नापंयाना: भिगू ।

गुगु थासय् च्वना: अनेकथंया न्हून्हूगु ज्याखँत जुयाच्वनीगुया नापं छ्यैंय्स्वये माली, अन ध्यान आदिया निंतिं इलं लाकेगु तच्वतं थाकुइ फु । छैं ज:पिं नाप च्वने बलय् सुखय् सुख, दुखय् दुख आनन्दय् आनन्द कयाच्वने माली । इपिंनाप च्वनेगु नं धर्मया निंतिं पंग: हे ख: । गुकिइ यक्व लाभ सत्कार दयाच्वनी उपासक उपासिकापिं ग्वा: ग्वा: दयाच्वनी दान प्रदान कायेगुलिं हे लिमलानाच्वनी । शिष्यपिनिगु गण (पुच:) ब्वनेगु ब्वंकेगुलिइ लगय् जुयाच्वने माली । बिहार आदि दयेकेगु (भिंकेगु) न्हूगु ज्याया निंतिं मा:गु ज्वलं व क:मित मालेगुलिइहे न्हि बिनाच्वनी । थथेया अथेया धका: न्ह्य:ने च्वनाबी मालाच्वनी । छुं ज्याया निंतिं पिने वने मालाच्वनी । थजा:गु ज्या पू मवंतले चित्त एकाग्र याये फइमखु । आचार्य, उपाध्याय, गुरू, पासाभाइ, मां अबु आदि थ:थिति पिन्त ल्वचं कया च्वनीगु नं समाधिया निंतिं पंग:हे ख: । छायधा:सां असक्त जुयाच्वनी बलय् इमिगु सेवा यायेगु निंतिं फुक्क त्याग याना बी मा: । थ:त जुयाच्वनीगु ल्वचं नं चित्त एकाग्र याये फइमखु । बात-पित्तया प्रकोपं ध्यान प्राप्तम्ह आयुष्मान गोधिययात नं खुक्व: तक ध्यान प्राप्त जुया: नं च्वने थाकुगु ख: । ग्रन्थया अध्ययनय् जक न्हिथं लगय् जुया च्वनीम्हय्सिया इलं लाइमखु । पृथग्जनपिनि ऋद्धि थस:पाया: च्वनीम्ह ह्याउँमचायातथें अतिकं बिचायायेमा:म्ह जुइ, छुं ई लिपाहे नास जुयावनी । उकें थ्व फुक्क खँया दुग्यंक बिचा: याना: त्व:ते मा:गु यात त्व:ता: वा मदयेकाछ्वया: कर्मस्थान बीम्ह कल्याणमित्रयाथाय् वनेमा: ।

**पियो गरु भावनीयो वत्ता च वचनक्खमो ।**
**गम्भीरञ्च कथं कत्ता नो चट्ठाने नियोजये ॥**

अर्थ- गुम्हप्रिय, गौरवयाये बह:म्ह, आदर याये बह:म्ह, न्ववायेफुम्ह, मेपिनिगु खँयात सहयाये फुम्ह, कल्याणया खँ कनीम्ह व म्वा: मदुगु ज्या खँय् लगय् मयाइम्ह अजा:म्ह कल्याण मित्र ख: ।

थजा:गु गुणं युक्त हीत याइम्ह, उन्नतिया लँपुइ यंकाबिम्ह, कल्याणमित्र याथाय् वनेमा: । अले थ:गु चर्य्या कथंया पीगू कर्मस्थान मध्यय् गुगुंनं छगू ग्रहण यानाकाये मा: ।

चर्य्या खुगू कथंया दू- १, राग चर्य्या २. द्वेष चर्य्या ३. मोह चर्य्या ४. श्रद्धा चर्य्या ५. बुद्धि चर्य्या ६. वितर्क चर्य्या

चर्य्या पूर्व जन्मया कर्मकथं जुइगु ख: । थुकिया म्हसीका थ्व ख: कि राग चरित याम्ह मनू स्वाभाविक चालं न्यासिवँवं बाँलाका जुइ । बुलुहुँ पला:छी, उत्तिग्यंक पला:दिकी, उत्तिग्यंक पला:ल्ह्नी अले वया पालित:या दथुयागु ब्वं बँय् थी मखु । द्वेष चरिंतम्ह पालित:या

न्ह्य:नेयागु ब्वं बँ म्हुया वंथेंयाना: वनी । याकनं पला:छी याकनंहे पला: ल्व्हनी । अले वं पला: छी बलय् तुति तन्कय्याना: पला: छ्यूथें च्वनी । मोह चरितम्ह ल्हा: तुति संका: न्यासिवनी, सशंकित ग्या:गु थें पला:छी उकथंहे ल्व्हनी, वयागु तुति छपातं छक्वलं चुइ । मागन्दिय सुत्तय् नं धयात:गु दु–

**रत्तस्स हि उक्कुटिकं पदं भवे, दुट्ठस्स होति अनुकड्ढि पदं । मूल्हस्स होति सहसानुपीलितं, विवञ्च्छदस्स इदमीदिसं पदं ।**

अर्थ– रागीया पला: दथुया ब्वं बँय् थिइमखु । द्वेषीया पला: छी बलय् न्ह्य:ने साला: पला: छी । मोहीया बँय् पला: घिस्रे याना: जुइ, तर क्लेश मुक्तम्ह सिया पला: थुकथंया जुइ ।

साधकया निंतिं पीगू कथंया कर्मस्थान थुकथं दु- भिगू कसिण, भिगू अशुभ, भिगू अनुस्मृति, प्यंगू ब्रह्मविहार, प्यंगू आरुप्य, छगू संज्ञा व छगू व्यवस्थान । पृथ्वी, आप, तेज, आलोक, वायु, नील, पीत लोहित, अवदान व परिच्छिन्नाकास थ्व भिगू कसिण ख: । ऊर्ध्व-मातक, विनीलक, विपुब्बक, बिच्छिद्रक, विक्खायितक, विक्षिप्तक, हृत-बिक्षिप्तक, लोहितक, पुलुवक व अस्थिक थ्व भिगू अशुभ ख: । बुद्धानुस्मृति, धर्मानुस्मृति, संघानुस्मृति, शीलानुस्मृति, त्यागानुस्मृति, देबतानुस्मृति, मरणानुस्मृति, कायगतानुस्मृति, आनापानानुस्मृति व उपसमानुस्मृति थ्व भिगू अनुस्मृति ख: । मैत्री, करुणा, मुदिता व उपेक्षा थ्व प्यंगू ब्रह्म विहार ख: । आकाशानन्त्यायतन, विज्ञानानन्त्यायतन, आकिंचन्यायतन, नैवसंज्ञानासंज्ञायतन थ्व प्यंगू आरुप्य ख: । आहारय् प्रतिकुलताया संज्ञा व प्यंगू धातुया व्यवस्थान छगू व्यवस्थान ख: ।

राग चरितम्हय्सिगु निंतिं भिगू अशुभ व छगू कायगतानुस्मृति थ्व भिंछगू धर्मस्थानया भावना याये बह:जू । द्वेष चरित म्हय्सिगु निंतिं प्यंगू ब्रह्म विहार व प्यंगू वर्ण कसिण थ्व च्यागू पायछि जू । मोह चरित व वितर्क चरित म्हय्सिगु निंतिं छगू आनापानानुस्मृति कर्मस्थान जक द:सांगा: । श्रद्धा चरित म्हय्सिगु निंतिं न्हापांगु खुगू अनुस्मृति भावना यायेमा: । बुद्धि चरित म्हय्सिगु निंतिं मरणानुस्मृति, उपशमानुस्मृति, प्यंगू धातुया व्यवस्थान व आहारय् प्रतिकुलताया संज्ञा थ्व प्यंगू मध्यय् छगू । ल्यंदुगु कसिण व प्यंगू आरूप्य फुक्क कथंया चरित्रया पिन्त मिलय् जू । कसिणय् चीहाक:गु आलम्बन वितर्क चरित्रया पिनिं निंतिं व त:धंगु आलम्बन मोह चरितया निंतिं ख: ।

साधकयात थ:गु चर्य्या कथंया पीगू कर्मस्थान मध्यय् गुगुंनं ग्रहण याये न्ह्य: थ:त भगवान बुद्ध वा आचार्य (गुरु) यात ल:ल्हाना: बिचा: व श्रद्धा क्वताुका: कल्याण मित्र पाखें कर्मस्थान कायेमा: । थ:त "भगवान जिं थ:गु शरीर छ:पिनिगु निंतिं त्याग याना बी ।" धका: तथागतयात ल:ल्हाना बी मा: । थुकथं ल: ल्हाये धुंका: गुँ, दिप, गां आदि न्ह्याथाय् च्वंसां ग्या: चिगु धयागु दइमखु, छायधा:सां उगु इलय् वं थ:त थुकथं थुइकी- "पण्डित, छं न्हापाहे बुद्धया न्ह्य:ने थ:त ल:ल्हाये धुन मखुला ? छ हानं ग्याये मा:गुला खँहे मदुनि ।" अले हानं गुम्ह साधकं आचार्ययात ल:ल्हाइ वं- "भन्ते जिं थ्व शरीरयात छ:पिनि निंतिं त्याग याये" धायेमा: । थुकथं ल:मल्हाइम्ह साधकयात ब्व:बी जीमखु वा धयाथें मयाइम्ह, धयागु खँ मन्यनीम्ह जुइ ।

कर्मस्थान बीम्ह आचार्यं नं वयागु चित्तया चह:पह (गतिबिधि) यात चैतोपर्यज्ञानं (परीचित्त ज्ञानं) स्वया: सीकेमा: । यदि आचार्य परिचित्त ज्ञान मस्यूम्ह जूसा "गुगु चरितयाम्ह ख: ?", "गुगु खँ छन्त आपा:याना: जुयाच्वनी ?", "छन्त गजा:गु बिचा: याये बलय् अ:पु थें च्वनी ?" वा "गुगु कर्मस्थानय् छं अप्व: मन वं ?" आदि थें जा:गु न्ह्यस:त न्यना: वयागु चर्य्या सीकेमा: । थुकथं सीका: चर्य्या कथं कर्मस्थान कना बीमा: । कने बलय् नं स्वंगू कथं कनेमा: । (१) थ:म्हंतु सयेका त:गु कर्मस्थान यात छक: निक: फ्यतुका: पाठ याका: बीमा: । (२) नापं च्वनीम्हय्सित वयेसातं हे कनाबीमा: । (३) सयेका: मेथाय् वनेगु इच्छा दुम्हय्सित न यक्व चीहाकय्क, न यक्व ता: हाकय्क ठिक्क लुमनीगु कथं कनाबीमा: ।

थ्व पौ थनहे क्वचायेका च्वय् । धर्मोपदेश बीगु ई त्यल । धम्म हलय् उपासक उपासिकापिनिगु हूलं मुने धुंकल । गुलिनं सम्भ्रान्त उपासक जिथाय् न्ह्य:ने नं वया: च्वं वये धुंकल । जंगलं जनपदय् वया: च्वं वयेगुलिई थ्वहे थाकुकि छन्हुहे उपदेश मव्युसे याउँक च्वनेमदु । योगितय् निंतिं नं गजा:गु जक थाकुगु, परित्राण पाठया, उपदेश व्यु, दान ग्रहणया, मृतक वस्त्र का, अनुमोदन या । थौंयात थुलिहे याये । योगिराजया आशीर्वाद ।

सावत्थी
३-९-५३

छं योगी



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार — गतिविधि

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको शनिवारिय कार्यक्रम

**विषय– भगवान बुद्धको समकालिन भिक्षुहरू**

*२०६२ कार्तिक २६ गते, शनिवार ।*

स्थान धर्मकीर्ति विहार, श्रीघः नःघल ।

यसदिन श्रद्धेय इन्दावती गुरुमांले "भगवान बुद्धको समकालिन भिक्षुहरू" विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो–

"भगवान बुद्धले बुद्धत्व प्राप्त गर्नु भएपछि पंचवर्गिय ऋषिहरू सेठका छोरा यशकुमार उसका चारजना अन्य मित्रहरू एवं ५० जना नाताकुटुम्बहरूलाई क्रमैसंग विभिन्न समयमा प्रव्रज्या गर्नुभएको थियो । यी ६० जना भिक्षुहरूले भगवान बुद्धको धर्म उपदेश अनुसार आचरण गरी अर्हत् ज्ञान हासिल गर्न सफल भएका थिए ।

यी ६० जना भिक्षुहरूलाई भगवान बुद्धले बहुजन हिताय बहुजन सुखाय उद्देश्य राखी धर्म प्रचारार्थ विभिन्न साठी स्थानहरूमा एक एकजना भिक्षुहरू खटाएर पठाउनु भएको थियो ।

यसको साथै बुद्धले पाँचजना शाक्य राजकुमारहरू लगायत एकजना नाऊ उपालीलाई एकै पटक प्रव्रज्या गर्नु भएको थियो । उहाँले उपालीलाई विनय सिकाउनु भई विनय पालन गर्ने क्षेत्रमा सिपालु गुरुको पदवी दिनु भएको थियो । यसरी बुद्धले धनी, गरीव, ठूलो, सानो, छूट र अछूट भनी भेदभाव गर्नु भएन सबैलाई उहाँले करुणा र मैत्री राखी धर्म देशना गर्नुहुन्छ । त्यसैले हामीले पनि बाँचुञ्जेल कुशलकर्म गरी आफ्नो भविष्य सपार्ने कोशिस गर्न सक्यौं ।

**विषय– मंगल सूत्र**

*२०६२ कार्तिक ५ गते, शनिवार*

प्रवचक- श्रद्धेय सुजाता गुरुमां, प्रस्तुती- मथुरा शाक्य ।

यसदिन श्रद्धेय सुजाता गुरुमांले अट्ठतीस मंगल मध्ये १५ औं मङ्गल धम्मचरियाको वारेमा प्रवचन दिनुभएको थियो । धम्मचरिया भन्नाले हाम्रो दैनिक जीवनमा गरिने धार्मिक चर्य्या, आचरण, नित्य कर्म भन्ने बुझिन्छ । भगवान बुद्धले चार किसिमको धर्म चर्य्या देशना गर्नु भएको छ ।

**(१) गुण धम्म – शील सम्बन्धी**

**(२) देशना धम्म–**

पालना गर्नु पर्ने अभ्यास गर्नुपर्ने समाधी सम्बन्धी

**(३) परियत्ति धम्म –**

भगवान बुद्धद्वारा ४५ वर्ष सम्म देशना गर्नु भएको एकै ठाउमा संग्रह गरिराखेको सुत्र विनय, अभिधर्म शील समाधी प्रज्ञा सम्वन्धी

**(४) निस्सत निर्जीव धम्म–**

जीव नभएको अभिधर्मको वारेमा नाम रुप स्कन्ध, आयतन धातु प्रतीत्य समुत्पाद आदिको सम्वन्धी शीलमा पनि चारित्र शील र वारित्र शील हुन्छ । चारित्र शील भन्नाले राम्रै आचरण हुन, वारित्र शील भन्नाले दैनिक जीवनमा नराम्रो बानी छोड्नुपर्ने हुन्छ ।

**(३) मिच्छादिट्ठि विरति–**

राम्रो कुशल के गऱ्यो भने हामीलाई (१) सन्तोष (२) पुरस्कार (३) प्रशंसा (४) सुगति प्राप्त हुन्छ । भने यसको विपरित दश अकुशल क्रिया गऱ्यो भने आफुले गरेको अकुशल कर्मको फल भोग्नु पर्दा पश्चाताप हुन्छ । दण्ड- अकुशल कर्मवाद दण्ड सजांय भोग्नुपर्ने हुन्छ । निन्दा- अकुशल कर्मबाट चारैतिरबाट निन्दा, भय भोग्नुपर्ने हुन्छ । अकुशल कर्मबाट मानिसहरूको दुर्गति हुन्छ ।

**विषय– मैत्री भावना**

*२०६२ कार्तिक १२ गते, शनिवार*

प्रवचक- श्रद्धेय विमलज्ञाणी गुरुमां

प्रस्तुती- अमीर कुमारी शाक्य

यसदिन श्रद्धेय विमलज्ञाणी गुरुमांले मैत्री भावना विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो–

बुद्ध शिक्षा अनुसार मैत्री भावनालाई यसरी परिभाषित गर्न सकिन्छ "मेज्जति स्नेहतीति मेत्ता" अर्थात् अरूको हीत सुखको कामना गरी उनीहरूप्रति दिइने स्नेहभावलाई नै मैत्री भावना भनिन्छ । मित्रहरूलाई गरिने मैत्री भाव पनि यसैमा पर्दछ । तर पारिवारिक माया मोह यस मैत्री भावभित्र पर्दैन ।

मैत्री भावना ३ किसिमले राख्न सकिन्छ ।

(१) **कायिक मेत्ता** – शरीरद्वारा गरिने मैत्री भावना । कसैलाई काममा सघाइदिनु । दृष्टि विहिन व्यक्तिलाई बाटो काट्न मद्दत गरिदिनु आदि ।

(२) **वाचिक मेत्ता** – कसैले गरेको राम्रो काम कुरालाई शब्दद्वारा समर्थन गर्नु ।

(३) **मानसिक मेत्ता** – अरुको हित सुखको कामना आफ्नो भित्री हृदय देखि गरिरहनु ।

मैत्री भावना गर्ने व्यक्ति २ थरीका हुन्छन्–

(१) ध्यान भावना गर्नको लागि मैत्री भावना गर्ने व्यक्ति ।

(२) कुशल धर्म लाभ गर्नको लागि मैत्री भावना गर्ने व्यक्ति ।

मैत्री भाव राख्न अगाडि पहिले कसलाई मैत्री भाव राख्ने गर्नु पर्छ भन्ने विषयमा बुझ्नु पर्दछ ।

सबभन्दा पहिले आफूले आदर गौरव राख्न योग्य व्यक्तिहरूलाई मैत्री भाव राख्ने बानी बसाल्नु पर्छ । यस अभ्यासलाई निरन्तरता दिंदै गएपछि अरूलाई मैत्री भाव गर्ने क्षमतामा वृद्धि हुँदै जानेछ ।

अंगुत्तर निकायमा बुद्धले भन्नुभएको छ, आफूले मैत्रीभाव राख्न सके मात्र आफुमा भएको द्वेषभाव हटेर जानेछ । द्वेषभाव हटाउने एउटै मात्र उपाय मैत्री भाव हो ।

मैत्री भावको महिमा अपरम्पार भएको कारणले म्यानमारमा श्रावण पूर्णिमाको दिन "मैत्री दिवस" मान्ने प्रथा रहेको छ ।

आज विश्वका विभिन्न देशहरूमा जतिपनि हत्या हिंसा र आतंकहरू मच्चिरहेका छन्, यी सबैका कारण मैत्री भावनाको अभावले गर्दा हुन् । एकले अर्कालाई मैत्रीपूर्ण व्यवहार गर्न सकेको भए कसैमा पनि द्वेषभाव उत्पन्न हुँदैन होला । द्वेषभाव उत्पन्न नभएपछि त्यहाँ झैझगडा, हत्या, हिंसा र आतंकको कुरै उठ्दैन । हामीले पनि आनन्दपूर्वक जीवन जिउनका लागि मैत्रीभाव राखी जिउने बानी बसालौं । यसैमा प्राणीमात्रको कल्याण हुनेछ भनी आशा गरौं । ■

## अनित्य यो संसार

■ **वीरबहादुर उपासक**

अनित्य यो संसारमा बसिरहन पाउँदैन
ब्यर्थमा नफाल यो जीवन अन्त्यलाई सम्झेर
दुर्लभ यो भव सागरमा मनुष्य भै जन्मिए
निश्चय नै जानुपर्ने जन्म हो यो हाम्रो
धन जन सम्पत्ति छ भनी लानु के पाइन्छ र ?
जानु पर्छ छोडेर मेरो भन्नु नै के छ र ?
म भन्ने कहाँ छ र ? भएपनि सार के छ र ?
जब सम्म तृष्णाको वशिभुत बनिएर
भव सागर तरेर जान समाधिमा बसेर
आँखा चिम्ली अन्तरमूखी भै पलेटी मारेर
लोभ द्वेष मोह निर्मित क्लेशलाई त्यागेर
शीलाचरण शुद्ध गरी बुद्धको शरणमा गएर
धर्म र संघको यथार्थलाई अनुशरण गरेर
जानु पर्छ प्रतिपादित धर्म हो यो लोकोत्तर
आरम्मणमा स्मृति लगाई एकान्त मै अभ्यास गरी
हेरौं न नाम रुप धर्मलाई एकाग्रता वृद्धि गरी
तब खोल्छ ज्ञानको ज्योति अनि हुन्छ जन्मको सार
नि:सन्देह दु:खको अन्त मै प्राप्त हुन्छ निर्वाण सुखकर

## कुसंगती फल

■ **बेखारत्न शाक्य**, यल

खंक मखंक आत्मात स्याना,
स्वार्थी जुया जीवन हना,
इज्जत मिया कमे यानां
म्हगसय् स्वर्ग वने थें वन ॥१॥

वैशं गाना नं बुद्धिं मगाना,
अधर्मी मूर्ख संगत याना
भय मका:से मुंकल पाप,
भविष्यय् थ:त पुईगु तापं ॥२॥

थ:त भिंकीगु मां बौया अर्ती,
ख्यलय् मदुगु व धूर्थें याना,
लाज शरम मदुम्ह जुयां,
समाजं थुकलं बीका च्वंम्ह ॥३॥

धर्मया नामं ज्ञान मदुम्ह,
बग्गीसल थें ज:ख: मखंम्ह,
जुयाच्वन व पशु समानं,
थ:गु थ्व जन्म ब्यर्थय् छुवया ॥४॥

निभा: बीवं ख्युंया वैथें,
दिन दशा व पापं ज्वनेवं
रोग, ब्याधीया फन्दाय् लाना
डाक्टर बैद्य क्यना मजीका ॥५॥

झसुका ततं द्यो नां काल वं,
थ:गु दोषत फुक्क लुमंका,
हि, च:ति फुत भुयू च:ति हाल,
म्वाय् नं मफु, सी नं मफुत ॥६॥

थ:म्हं यानागु पापया फल,
थुगु जन्मय् क्यन वैत,
थ:म्हं म्हुयागु गालय् क्व ब्वाना,
थ:त थम्हं हे नरकय् तल ॥७॥

अर्ति लुमन, मां बौपिनिगु,
लिपा कष्ट थ: नये मफया,
अन्त्यय् नां काल, वयागु म्हुतुं,
बुद्धं शरणं गच्छामि । धका ॥८॥



Downloaded from http://www.dhamma.digital

## भिक्षु शाक्यानन्द स्मृति दिवस

संघनायक स्व. भिक्षु शाक्यानन्द महास्थविरको आठौं स्मृति दिवस एवं शाक्यानन्द गुठीको वार्षिकोत्सव आनन्द विहार तानसेनमा ज्ञानमाला भजन, शील प्रार्थना, बुद्ध पूजा एवं धार्मिक सभा, गुठी, ज्ञानमाला संघ र बौद्ध महिला सेवा समिति आदिको संयुक्त आयोजनामा सम्पन्न भएको समाचार छ ।

प्रमुख अतिथि भिक्षु धर्मज्योतीले धर्मदेशना गर्नुभएको सो सभामा छत्रराज शाक्यले गुठीको वार्षिक प्रतिवेदनका साथै आ.व. २०६१।६२ को आयव्यय प्रस्तुत गर्नुहुँदै भिक्षु शाक्यानन्द छात्रवृति तानसेनका ५ वटा मा.वि. र उच्च मा.वि.का ५ जना विद्यार्थीहरूलाई प्रत्येक वर्ष प्रदान गर्दै आएको कुरा बताउनु भएको थियो ।

सो कार्यक्रममा विभिन्न बौद्ध संस्थाहरूका अध्यक्षहरू प्रेममान शाक्य, चिनिया लाल वज्राचार्य, चकोरमान शाक्य, सर्जुलाल वज्राचार्य, सुश्री चिनीदेवी वज्राचार्य, सुश्री सुमना शाक्य, दीपेन्द्र काजी शाक्य, र हरि कृष्ण दिशा मगरले श्रद्धाञ्जली मन्तव्य व्यक्त गर्नुभएका थिए । कार्यक्रममा दशरथ मुनि शाक्यले स्वागत भाषण गर्नुभएको थियो भने विनय वज्राचार्यले कार्यक्रम संचालन गर्नुभएको थियो ।

## वार्षिक पुण्य तिथिमा बुद्धपुजा तथा परित्राण पाठ

*आश्विन २९ गते शनिवार, बेनीमा*

२०६२ साल आश्विन २९ गते शनिवार बेनीबजार स्थित बौद्ध चैत्य परिसरमा म्याग्दी बौद्ध संघका सल्लाहाकार सदस्य स्व. गौतमि वुढा मगरको वार्षिक पुण्य तिथिको कार्यक्रम बुद्धपुजा, परित्राण पाठ साथै अष्ट परिष्कार दानका साथ सम्पन्न भयो । स्व. गौतमिको छोरा मन ब. रोकाको अनुरोधमा श्रद्धेय भिक्षु मेधंकरज्यूको उपस्थिती र म्याग्दी बौद्ध संघको सक्रिय सहयोगमा उक्त कार्यक्रम सम्पन्न भयो त्यस कार्यक्रममा स्व. गौतमि ज्यूको पुण्य स्मृतिमा बुद्धपुजा परित्राणपाठ एवं अष्टपरिष्कार दान गरिएको थियो । त्यसै शिलशिलामा श्रद्धेय भिक्षु मेधंकर ज्यूले श्रद्धावान मनबहादुर रोकाले आफ्ना ममतामयि आमा प्रति श्रद्धा राखी धार्मीक कार्य गर्नु अत्यन्तै राम्रो कार्य हो भन्नु हुँदै माता पिताहरूले आफनो छोरा छोरी प्रति जस्तो किसिम काम गरेको हुन्छन् त्यस्को कदर गर्दै छोरा छोरीहरूले आफूलाई जन्म दिने माता पिताहरूलाई कस्तो किसिमको सम्मान गर्नुपर्छ भन्ने विषयमा धर्मदेशना गर्नु भयो साथै कार्यक्रमको अन्तमा पुण्यानुमोदन सहित कार्यक्रमको समापन भएको थियो उक्त कार्यक्रममा उपस्थित सम्पुर्ण उपस्थित श्रद्धावान महानुभावहरूलाई आयोजक श्री मन ब. रोकाज्यूको परिवारले भोजन दान गर्नु भएको थियो ।

## म्याग्दी बौद्ध संघलाई जग्गादान गरिने

श्री पूण्य वहादुर शाक्यले म्याग्दी बौद्ध संघलाई बिहार निर्माण गर्न जग्गा साँघुरो भएको कारणले आठ आना जग्गा दान दिने घोषणा गरिएको समाचार छ । सो अवसरमा विहार निर्माण गर्न सहयोग होस् भनी अष्ट्रेलियामा कार्यरत म्याग्दी जिल्लाका नेपाली दाजुभाईहरूबाट श्री सन्दीप शाक्यज्यूको सक्रियतामा संकलन गरी पठाएको रकम रु. ८४,०००।- संकलनकर्ताका बुबा आमा श्री गणेशबहादुर शाक्य र श्रीमती विष्णु शाक्यज्यूले संघका संस्थापक अध्यक्ष प्रकाश कुमार श्रेष्ठ र वर्तमान अध्यक्ष यजनलाल शाक्यलाई रकम हस्तान्तरण गरिएको समाचार प्राप्त भएको छ ।

## धर्मोदय सभा कास्की शाखाको १९ औं वार्षिकोत्सव

*२०६२ कार्तिक २३ ।*

स्थान- धर्मशीला बुद्ध विहार नदीपुर, पोखरा ।

धर्मोदय सभा, कास्की शाखाको १९ औं वार्षिकोत्सव समारोह भिक्षु श्रद्धानन्दको प्रमुख आतिथ्य तथा कर्मशीला गुरुमांको उपस्थितीमा एवं डा. गेहेन्द्रमान उदासको सभापतित्त्वमा सम्पन्न भएको समाचार छ ।

उक्त समारोहमा, भिक्षु श्रद्धानन्द, डा. गेहेन्द्रमान उदास, बील बहादुर गुरुङ्ग, प्रकाश मान गुभाजु, कुलामान बुद्धाचार्य, चन्द्रलक्ष्मी गुभाजु, आदिले आ-आफ्ना मन्तव्य व्यक्त गर्नुभएका थिए । पुष्करमान बुद्धाचार्यले स्वागत मन्तव्य दिनुभएको उक्त कार्यक्रम कृष्ण मान गुभाजुले संचालन गर्नुभएको थियो ।

## मैत्री बोधिसत्व विहारमा बुद्धपूजा र धर्मदेशना

*२०६२ कार्तिक २३ गते, बुधवार*

स्थान- मैत्री बोधिसत्व विहार, जमल

यसदिन कुसुम गुरुमांको नेतृत्त्वमा बुद्धपूजा सम्पन्न गरिएको थियो । पञ्चशील प्रार्थना पश्चात् आरम्भ गरिएको उक्त कार्यक्रममा वीर्यवती गुरुमांले धर्मदेशना गर्नुभएको थियो ।

श्रीघः ज्ञानमाला भजन खलःबाट भजन प्रस्तुत गरिएको उक्त कार्यक्रममा उपस्थित सबै उपासक उपासिकाहरूलाई हर्षरत्न स्थापित सपरिवारको तर्फबाट जलपान दान गरिएको थियो ।

### लुम्बिनीमा हाजिर जवाफ प्रतियोगिता सम्पन्न

*२०६२ मंसीर ४ गते, शनिवार* स्थान- गौतमी विहार लुम्बिनी

लुम्बिनी परियत्ति अध्ययन गोष्ठीको आयोजनामा विद्यालय स्तरिय हाजिर जवाफ प्रतियोगिता सम्पन्न गरिएको समाचार छ । खमेशी गुरुमांको सभापतित्त्वमा संचालित उक्त प्रतियोगितामा महाबोधि सोसाइटीका अवासिय श्रीलंकाली भिक्षु प्रमुख अतिथी रहनु भएको थियो । श्रद्धेय भिक्षु विमलानन्द महास्थविरले पञ्चशील प्रार्थना गराउनुभई शुरु गरिएको उक्त प्रतियोगितामा लक्ष्मीनाथ अधिकारी प्रश्न कर्ता (क्वीज माष्टर) रहनुभएको थियो । यसरी नै बासुदेव देसार र रोजी देसार निर्णायक मण्डलमा रहनु भएका थिए ।

सहभागी विद्यालयहरूले प्रतियोगिताबाट यसरी आ-आफ्नो स्थान ओगट्न सफल भएका थिए ।

| *विद्यालय* | *हासिल गर्न सफल स्थान* |
|---|---|
| श्री बुद्ध आदर्श मा.बि., लुम्बिनी | प्रथम |
| मेत्ता स्कुल, महिलबार | द्वितीय |
| श्री मधुबनी नि.मा.बि., महिलबार | तृतीय |
| श्री खुदावागर मा.वि., खुदावागर | सान्त्वना |

यस हाजिरं जवाफ प्रतियोगिता संचालनार्थ आवश्यक सहयोग दिनुहुने सहयोगी दाताहरू यसरी रहनु भएका थिए ।

| *सहयोगी दाताहरूको नाम* | *सहयोग विवरण* |
|---|---|
| १. श्रद्धेय भिक्षु विमलानन्द महास्थविर लुम्बिनी | रु. ८००।- |
| २. श्रद्धेय भिक्षु मैत्री | धम्मपद अट्ठकथा १२ वटा<br>बुद्धजीवनी १२ वटा |
| ३. श्रामणेर सुनन्द | कापी र सावुन सहित रु. १००।- |
| ४. सानुरत्न स्थापित, ज्याठा, काठमाडौं | रु. १०००।- |
| ५. मदन रत्न मानन्धर, काठमाडौं | रु. २००।- |
| ६. लुम्बिनी, पर्यटन व्यवसायी संघ | रु. ११६६।६० |

### धर्म संग्रह : प्रथमो भागः विमोचन

*२०६२ मंसिर ४ गते, शनिवार* । स्थान- परोपकार स्कुल ।

यसदिन आचार्य नागार्जुनकृत धर्मसंग्रहलाई पं. वद्रीरत्न वज्राचार्यबाट भाष्य रचना गरिएको एवं नरेशमान वज्राचार्यबाट सम्पादन गरिएको "धर्म संग्रहः प्रथमोभागः" पुस्तक सभाका प्रमुख अतिथि भिक्षुणी धम्मवतीवाट विमोचन गरिएको थियो ।

त्रिरत्न प्रकाशन त्रिरत्न कोषले आयोजना गरिएको उक्त सभा डा. नरेशमान वज्राचार्यको सभापतित्त्वमा संचालन गरिएको थियो । उक्त सभामा धर्म सुन्दरले स्वागत भाषण गर्नुभएको थियो भने पण्डित वद्रीरत्न वज्राचार्यले प्रदीप बाली कार्यक्रमको उद्घाटन गर्नु भएको थियो । उक्त अवसरमा भिक्षु बोधिज्ञानले मंगल वाचन गर्नुभई, फणिन्द्र रत्न वज्राचार्यले स्वस्ति वाचन गर्नु भएको थियो ।

उक्त सभामा भिक्षुणी धम्मवती प्रा.डा. वज्रराज शाक्य, प्रा. विद्यानाथ उपाध्याय, सत्यमोहन जोशी, पं. विद्यानाथ उपाध्याय, डा नरेशमान वज्राचार्य, आदिले विमोचित पुस्तक धर्म संग्रहः प्रथमो भागः विषयमा आ-आफ्ना मन्तव्य व्यक्त गर्नुभएका थिए । अन्त्यमा पुष्प रत्न शाक्यले धन्यवाद ज्ञापन गर्नु भएको थियो । ■

## बाबा साहेब अम्बेड्‌करया लुमंति !

■ बुद्ध शाक्य

खः छम्ह छ अछूत मनू
खुल्लागु ख्यःया बुँगालं
छपासः थःगु ल्हातं लः कया
त्वनेगु छूत मदुम्ह मनू ॥

घाँय् ब्वी मफुगु ख्यःलय
सकल मस्तय्‌गु ज्वःलय्
नापं च्वना आखः ब्वनेगु
छूत मदुम्ह अछूत मनू !!

तर ! छंगु नुगः स्वैगुं निंति
गनं छुतय् जूगु अनुभूति मदु
तथागत यागु धर्मयात थन !
छुटय् मज्वीक ईनां वंगु दु ॥

यक्को अछूत नुगः यात
प्रेरणाया श्रोत छ जूगु दु
आपालं मनूया नुगः दुने
छ अ-छूत जुया ब्यूगु दू ॥

धात्थेंगु सत्य धायेगु खःसा !
यक्को अछूतपिंत छूत जुया च्वंगु
छं अ-छूत याना वंगु दु,
थ्व ज्याय् न्हापांगु छूट नं त्याकूगु दू ॥

खः ! छ छम्ह अम्बेडकर चमार
संबिधान निर्माणय् न्हापांम्ह हकदार
गुलि जुल ज्वी छंगु प्रति मित्र आभार
छं बिया थकूगु थ्व अमर साभार



Downloaded from http://www.dhamma.digital

**करुणामय मानव विकास संघ, [illegible]**

दीन दु:खी असहायहरू प्रति मानविय भावनाले सेवा गर्न, विभिन्न शैक्षिक तथा मानविय सेवाका कार्यक्रमहरू संचालन गर्ने र बौद्ध शिक्षाको माध्यमबाट मानव जातीको कल्याणका निमित्त सहयोग जुटाउने आदि लक्ष बोकी भिक्षु प्रज्ञालोक महास्थविरको नेतृत्त्वमा वि.सं. २०६२ मा करुणामय मानव विकास स्थापना गरिएको समाचार छ ।

सोहि संघको आयोजनामा मिति २०६२ कार्तिक २६ गतेका दिन, जनज्योति नि.मा.वि. प्राङ्गण जनागालमा असहाय बालबालिकाहरूका लागि छात्रवृत्रि प्रथम कार्यक्रमको शुभारम्भ गरिएको समाचार छ ।

**रत्नवत पुरस्कार प्रदान**

*२०६२ मंसीर ४, ज्ञानमाला भजन खल: स्वयम्भू ।*

ज्ञानमाला भजन खल: स्वयम्भूको तर्फबाट वर्षेनि प्रदान गर्दै आएको रत्नवत पुरस्कार संघका अध्यक्ष पन्नाकाजी शाक्यले प्रदान गर्नुभएको समाचार छ ।

बुद्ध शिक्षा प्रचार प्रसार कार्यमा लाग्नु भएका भिक्षु वा भिक्षुणीलाई, ज्ञानमाला भजन खल:लाई र, ज्ञानमाला गीत लेखी भजन गाउने व्यक्ति समेत गरी जम्मा ३ जना व्यक्तिहरूलाई प्रदान गर्ने गरी ११ वर्ष अगाडि स्थापना गरि एको यस पुरस्कार दिंदा प्रति व्यक्तिलाई ३ हजारको रकम र प्रमाण पत्र समेत दिइने गरेको छ ।

ज्ञानमाला भजन खल: स्वयम्भूका भूतपूर्व अध्यक्ष स्व. रत्न बहादुर तण्डुकारले स्थापना गर्नु भएको यस पुरस्कार यसपाली भिक्षु भिक्षुणीहरू मध्येबाट भिक्षु धीर सुमेधो महास्थविरलाई, ज्ञानमाला भजन खल: मध्ये कीर्तिपूरको समग्र ज्ञानमाला भजन खल:लाई र ज्ञानमाला गीत लेखकहरू मध्ये मंगल कृष्ण महर्जनलाई रत्नवत पुरस्कार प्रदान गरिएको थियो ।

उक्त कार्यक्रममा अंगूरमान तुलाधर, बुद्धमान मानन्धर, श्याममान वज्राचार्य, शान्तवज्र वज्राचार्य, महेन्द्ररत्न कसा:, आशा नारायण महर्जन, मुक्ति नारायण मानन्धर, प्रकाश मानन्धर, अशोक मानन्धर, शंकरराज सिंह डंगोल, बाबु काजी महर्जन र पूर्णशोभा वज्राचार्य आदिलाई अभिनन्दन पत्र प्रदान गरिएको थियो ।

**युवकबौद्ध मण्डल नेपालया शनीवारिय ज्याझ्व:**

युवक बौद्ध मण्डल नेपालया शनीवारीय ज्याझ्व:त (कार्तिक १२-२६ तक) थुकथं न्ह्या:गु समाचार प्राप्त जूगु दु ।

*२०६२ कार्तिक १२ गते, शनिवार*

अभिधर्मया कामावचर भूमिया व्याख्या ।

कार्तिक १९ गते, शनिवार–

सुथे ८-१० तक भिक्षु धर्मगुप्त महास्थविर पाखें रुपावत्तर भूमि व्याख्या याना उपदेश कना विज्यात ।

*कार्तिक २४ गते, बिहिवार*

सनिल ७ ता: इलय् WFBY विश्व बौद्ध भातृत्व युवा संघया केन्द्र थाइलैण्डं विज्यापिं WFBY या नायो अनिरुद्ध भोङ्ग भानिज व दुज: पिन्त स्वागत सत्कार याना यु. वौद्ध मण्डलया प्रगति प्रतिवेदन ल: ल्हात । साँस्कृतिक चर्या नृत्य क्यना भोजन दान ।

*कार्तिक २६ गते शनिवार*

सुथे ८-१०:३० ता: तक भिक्षु धर्मगुप्त भन्ते पाखें अभिधर्मया अकुशल चित्तं झीगु जीवने लाइगु व लाना च्वंगु प्रभाव दसु विया ध्वाथुइक कना विज्यात ।

**धर्म देशना**

*यल कछलागा: पारु,*

विश्व मैत्री विहारे पञ्चशील प्रार्थना लिपा बुद्ध पूजा, जूगु बौद्ध सभाय् भिक्षुणी सुजातानं प्रज्ञा वान भिक्षु सारपुत्र महास्थवीरं श्रोता पिन्त स्रोतापन्न जुइ फयेक उपदेश कना विज्याइम्ह नापं सफायाना, वास:याना, आहार चूलाका विईत व मान अभिमान मदुम्ह ख: धका: देशना याना विज्या:गु समाचार दु । उगु सभाय् दिलशोभां थ:निं भिंजुया: मेपिन्त सेवा यायेगु अले स:स्यू पिन्त आदर गौरव तयमा:गु खँ कना दिल ।

बोधिरत्नं लसकुसं याना: विरबहादुरं सुभाय् देछा:गु उगु ज्याझ्वले वंगु संल्हूया देशना लुमंका: छत्वाचा कनादिपिं हेराकाजि सुजिका व तिर्थ कुमारी महर्जन पिन्त सुजाता गुरुमानं सिरपा लल्हाना विज्यात ।

उगु सभाय् हेराकाजि उपासकं जलपानया व्यवस्था याना दीगु ख: ।

**बौद्ध परियत्ति छात्र छात्रापिन्त पुरस्कार ल:ल्हाय्गु व**

**माननिय मन्त्रीज्यूयात हना ज्याझ्व:**

*२०६२ मंसीर ४ गते, शनिवार*

थाय् बौद्ध जनविहार, सुनाकोठी

बौद्ध जन विहारस श्रद्धेय भन्ते धर्म गुप्त स्थविर वर्षावास च्वना बिज्या:गु पूवंगु लसताय् भिक्षु महासंघयात अष्ट परिष्कार दान यासे बौद्ध परियत्ति छात्रछात्रापिन्त पुरस्कार ल:ल्हाय्गु ज्या पूवंगु समाचार दु ।

बौद्ध जन विहार सुनाकोठीया ग्वसालय् न्ह्या:गु उगु ज्याझ्वले हनेबह:म्ह सँस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री बुद्धिराज वज्राचार्यज्यूयात नं हनेगु ज्याझ्व: क्वचायकूगु खँ सीदु ।

बा.अ.का.द.नं. - ७०/०४०/४१

# श्रद्धाञ्जली

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरुज्झन्ति तेसं ऊपसमो सुखो**



*जन्म:*
*वि.सं. १९७७, फागुण ५, शुक्लपक्ष अष्टमी*

*दिवंगत:*
*वि.सं. २०६२, कार्तिक ८ गते कृष्ण पक्ष अष्टमी*

## स्व. श्रीमती चन्द्रकुमारी मानन्धर

हाम्री पूज्यनिय आमा श्रीमती चन्द्रकुमारी मानन्धर आफ्नो अनित्य देह त्याग गरी दिवंगत हुनुभयो । अनन्त गुणले सम्पन्न हुनु भएकी हाम्री आमाको गुणानुस्मरण गर्दै उहाँको पूण्य स्मृतिमा निर्वाण कामना गरी श्रद्धाञ्जली अर्पण गर्दछौं ।

| *छोरीहरू* | *ज्वाईं* |
|---|---|
| **लक्ष्मीकेशरी मानन्धर** | |
| **तारादेवी मानन्धर** | |
| **सीता देवी मानन्धर** | **युवलाल मानन्धर** |

*बहिनीहरू*– **रत्न कुमारी मानन्धर, विष्णु कुमारी मानन्धर, पूर्ण कुमारी मानन्धर**

| *नातीहरू* | *नातीनी बुहारीहरू* |
|---|---|
| **गोपाल मानन्धर** | **इरा मानन्धर** |
| **प्रकाश मानन्धर** | **विजया मानन्धर** |
| **विकास मानन्धर** | **अणु मानन्धर** |
| **सयुज मानन्धर** | **अभिगेल मानन्धर** |
| **अभिशेष मानन्धर** | |

| *नातिनीहरू* | *नाति ज्वाईंहरू* |
|---|---|
| **अमीता मानन्धर** | **प्रदीप मानन्धर** |
| **मेरीना मानन्धर** | **विनय जोशी** |
| **सृष्टिना मानन्धर** | |

*पनाति पनातिनीहरू*– **नेहा, इभाना, प्रविण, पोर्सिया, प्रकृत, गौरव, लिस्मा, इरिसिता, लुँ निभाः**

मुद्रक: न्यू नेपाल प्रेस प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं, नेपाल । फोन: ४४३४८५०, ४४३४७५३, फ्याक्स: [illegible]
व्यापारिक कार्यालय: शुक्रपथ, काठमाडौं । फोन: ४२५९०३२, ४२५९४५०, फ्याक्स: (९७७-१) ४२५८६७८

Downloaded from http://www.dhamma.digital